साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४५ अंक १३ २०८३ कात्तिक १० गते मंगलबार (Oct. 27, 2026) मूल्य रू. १०/-

पार्टी र अदालत दुबैतिरको कठघरामा



रास्वपाका सांसद खगेन्द्र सुनुवार दुईधारे तलवारको खतरामा छन् । अधिवक्ता मनिषा गौतमले काभ्रे अदालतमा हालेको मुद्दाको पेशी भोलि छ । महिलासँग दुर्व्यवहार सम्बन्धि आरोपबारे पार्टीले बयान लिएर अनुसन्धान गर्ने भनेको छ । उनको सांसद पद जानेसम्मका चर्चा चलेका छन् ।

यद्यपि खगेन्द्रले इन्कारी बयान दिएका छन् र अडियोको जाँचसमेत हुनेभएको छ । अब हेर्नुछ, भोलि अदालतले कस्तो निर्णय सुनाउने छ र रास्वपाले उनको स्वर जाँचको अनुमति कहिले दिन्छ र नतिजा के आउँछ ?

आनीको बिरोध किन चर्काइयो ?



सरकारले लुम्बिनी विकास कोषको उपाध्यक्षमा बौद्ध भिक्षुणी आनी छोइङ डोल्मा (छोइङ डोल्मा लामा मोक्तान) लाई नियुक्त गरेपछि विपक्षीले यो विषयलाई चर्काउँदै आएका छन् । 'राष्ट्रिय जेनजी नागरिक अभियान'ले समेत सडकमा विरोध जनाउँदै गम्भीर ध्यानाकर्षण गराएको छ ।

यो अभियानले एक सूचना जारी गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा मिति गत असोज ३० गतेको मन्त्रिपरिषद् बैठकले गरेको यो नियुक्ति निर्णयप्रति आपत्ति जनाएको हो । अभियानका अनुसार, आनी छोइङ डोल्मामाथि नागरिकता किर्ते र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा विचाराधीन रहेको छ । तर प्रश्न उठ्छ, उनलाई नागरिकता कसले दियो, उनको सम्पत्ति शुद्धीकरणको मुद्दाका बारेमा सरकारले किन मौनता साधेको छ ।

मृत्यदण्ड भोग्न परे पनि स्वदेशनै फर्कने



सन् २०२४ को अगस्टमा भएको विद्यार्थी आन्दोलन दबाएर हजारौंको हत्या आरोप लागेपछि भारत पलायन भएकी तत्कालीन प्रधानमन्त्री शेख हसिना डेढमहिनापछि अर्थात डिसेम्बरमा बंगलादेश फर्कने भएकी छिन् ।

भारतीय सञ्चार माध्यमका अनुसार शेख हसिनाले वर्तमान तारिक रहमान सरकारले आफूमाथि गिरफ्तारी, शारीरिक आक्रमण वा यातनाको खतरा खडा गर्नसक्ने भए पनि आफूलाई त्यसको कुनै डर नरहेको बताएकी छिन् । जस्तोसुकै प्रतिकूल परिस्थिति र जोखिम मोल्न तयार हुँदै जन्मभूमि फर्किएरै छाड्ने सत्ताच्यूत भएर भारतमा आश्रय लिन पुगेकी शेख हसिनाले बताएकी छिन् ।

शेख हसिनाले जन्मभूमि फर्किनु आफ्नो नैतिक कर्तव्य भएको भन्दै आफू र आफ्नो दल अवामी लिगका शीर्ष नेताहरूलाई लगाएको झूठा मुद्दाहरूको जालो फाड्ने दृढता गर्दै निष्पक्ष जाँचको माग पनि गरेकी छिन् ।

स्वर्णिमले चाकरी गरेकै हो त ?

धेरै अघि नेपाली सेनाको साइज घटाउनु पर्ने विवाद झिक्ने र 'मनरो डक्ट्रिन'को वकालत गर्ने अर्थमन्त्री स्वर्णिम वाग्लेमाथि राष्ट्रवादको सामान्यीकरण गरेको र भारतीय सत्ताको चाकरीमा लिप्त भएको आरोप लागेको छ ।

भारतीय 'एनडीटीभी वर्ल्ड समिट २०२६'को एक कार्यक्रम, जहाँ भारतीय प्रम नरेन्द्र मोदीले पनि संबोधन गरेका थिए, त्यो कार्यक्रममा सहभागी हुन पुगेका अर्थमन्त्री स्वर्णिम वाग्लेले नेपालमा 'भारतविरोधी भावनासँग जोडिएको राष्ट्रवादको युग सकिएको' भनेका थिए । यो अभिव्यक्तिलाई लिएर पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, डा. दिनेश भट्टराई र कमल थापा, पत्रकार युवराज घिमिरे लगायतले रास्वपा र अर्थमन्त्री वाग्लेले राष्ट्रहित विपरित भारतीय सत्राको दलाली गरेको



आरोप लगाएका हुन् । उनीहरूले राष्ट्रियताको आधार र नेपालको परराष्ट्र नीतिमाथि प्रश्न उठाएको उल्लेख गर्दै राष्ट्रवादको आधार केलाई मान्ने भनेर चर्को बहसको सिर्जना गरिदिएका छन् । राजनीति तरंङ्गित बन्नपुगेको छ ।

वाग्लेले कुनै समय नेपाली राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोडेर हेर्ने गरिए पनि अहिले त्यो युग सकिएको भनेपछि कुनै समय भनेको १९४७ पछि कि पञ्चायतकाल वा बहुदल काल अथवा २०६३ को परिवर्तनपछिको कालखण्ड भनेर स्पष्ट पारेका छैनन् । एक रास्वपा सांसदले वाग्लेको अभिव्यक्ति सुझबूझपूर्ण भनेर बीचबचाउ गरेका छन् । रास्वपा र अर्थमन्त्रीले यसबारे थप स्पष्ट पारिसकेको अवस्था छैन । पहिले प्रम बालेन साहलाई सीमाका बारेमा राष्ट्रघात गरेको आरोप लगाउनेहरू अहिले अर्थमन्त्रीको भनाईको गहिराई नाप्न थालेका छन् ।

मन्त्री वाग्लेको अभिव्यक्ति भारतभक्ति थियो कि विएन, स्पष्ट पार्ने दायित्व अर्थमन्त्री र रास्वपाको हो । कूटनीति र परराष्ट्र मामिलाका जानकारहरूलाई बुझाउने र राष्ट्रलाई सुसूचित गराउने दायित्व सरकारको हो ।

जागरण जाग्ने, बालेन फाल्ने



८०, ९० को उमेदहद पार गरेका मोहनविक्रम सिंह राजनीतिबाट शायद निरास भएर पुस्तक लेखनमा व्यस्त छन् । सकृय राजनीतिमा सिंहको उपस्थिति देखिदैन । जीवनको उत्तरार्द्धमा मोहनविक्रम सिंह उपादेयताविहीन भएका छन् ।

जनयुद्धका सकृय नेता मोहन बैद्य किरणलाई स्वास्थ्यले नै साथ दिन छाडेको छ । अक्सर बिमारी भइरहने र उपचारमा बढी समय बिनुपरेकाले बैद्यको सकृय राजनीतिमा ब्रेक लागेको लामो समय भइसक्यो । अब नेपाली राजनीतिलाई सजग बनाउने र सर्वहारा जगाउने काममा मोहन बैद्यले सकृयता देखन मुस्किलै होला ।

मोहनचन्द्र अधिकारी : जीवनमा सबैभन्दा बढी हण्डर, ठक्कर र अभावको सामान गरिरहेका अधिकारीको जीवन कष्टमय र निस्कृय रहेको छ ।

तर, प्रचण्ड, देउवा र ओली आफ्नो राजनीतिक सकृयता समाप्त भएको मान्न तैयार छैनन् । यी तिनै नेता नयाँ पुस्तालाई सत्ता हस्तान्तरण र पुस्तान्तरण गर्न राजी छैनन् । प्रचण्ड जब्बर भएर बालेन सरकार उल्ट्याउन जागरण अभियानमा छन्, देउवा अझै कांग्रेसको सभापति मै हुँ भन्ने भ्रममा छन् भने ओलीले आफ्नो स्वार्थका लागि पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टी प्रवेश गराएका छन् ।

वालेन सरकारलाई सय दिन पनि काम गर्न नदिएर विरोधको झ्याली पिट्ने नेकपा अब दुईमहिने जागरण अभियान मा देशव्यापी परिचालित भएको छ ।

यो जागरण अभियानमा वालेन सरकारविरूद्ध अभिव्यक्त हुने नेकपाको चर्को आलोचनालाई जनताले कति साथ र सहयोग दिने हुन्, त्यो केही दिनमै देखिनेछ । वालेन साह जेनजी पुस्तामात्रको सहयोगमा उभिएको छैन, त्योभन्दा साना र माथिका पुस्ताले समेत साथ दिएकाले दुई तिहाईको सरकार गठन गर्न सफल भएका हुन् । रास्वपाले आगामी पालिका निर्वाचनमा उमेदवार चयन गर्न सुरू गरिसकेपछि स्थानीय निर्वाचनलाई समेत ध्यान दिएर नेकपाले जागरण अभियान थालेको हो । यही अभियानमा देखिनेछ, रास्वपा र वालेन साहको लोकप्रियता र नेकपा लगायतका पार्टीहरूलाई जनताले हेर्ने दृष्टिकोण र साथ सहयोग ।

नेपाली कांग्रेस अझै गुट र फुटबाट मुक्त भइसकेको छैन । गगन थापा समूहले महाधिवेशन सम्पन्न गरिसकेको छ भने देउवा समूह महाधिवेशनको तैयारीमा जुटिरहेको छ । जबसम्म यी दुबैथरि कांग्रेस एक हुनेछैन, नेपाली कांग्रेसको बल शक्तिशाली हुनेछैन र कांग्रेसले स्थापित रास्वपालाई टक्कर दिन पनि सक्नेछैन । कांग्रेस भुलभुलैयामा नै रहेकाले नेकपाले एमाले र अन्य ससाना पार्टीहरूलाई समेटेर जागरण अभियान थालेको हो । जागरण अभियानको कमाण्ड स्वयम प्रचण्डले सम्हालेका छन् र उनलाई साथ र सहयोग दिन माधवकुमार नेपाल अग्रसर भएका छन् । माधव नेपालले अब सहिन्न भन्दै आक्रोश पोखिसकेका छन् ।

प्रचण्ड र माधव नेपालले वालेन शाह नेतृत्वको सरकारको कार्यशैलीप्रति तीब्र असन्तुष्टि जनाउँदै नेकपाले महिना अघि नै दशैं, तिहार, छठपछि सडक आन्दोलन गर्ने, वालेन विरूद्धमा आँधीबेहरी ल्याउने उद्घोष गरेको थियो । तिहार र छठपर्वलाई पनि नपखेर जागरण अभियान सुरू भएको छ । उता एमालेका अध्यक्ष ओलीका सहयोगी महेश बस्नेतले त वालेन सरकारलाई जनताको बाढी ल्याएर बढार्ने कुरा पटक पटक गरिसकेका छन् ।

राजनीतिक विश्लेषकहरू भन्छन्- नेकपाको यो जागरण आन्दोलन आफूमाथि सरकारले कुनै कारवाही नगरोस् भनेर दबाव दिन र पार्टी थप बलियो बनाउँदै, स्थानीय निर्वाचना पार्टीको माहोल निर्माण गर्ने उद्देश्यले भएको बताएका छन् । जेहोस्, नेकपाको जागरण अभियानले रास्वपा र वालेन सरकारप्रतिको जनताको आस्था, विश्वास र अपनत्व कति छ भन्ने मापन गर्नेछ भने यो जागरण अभियानले नै स्थानीय निर्वाचनमा कुन पार्टी कति पानीमा छ भन्ने स्पष्ट संकेत पनि गर्नेछ ।



राष्ट्र एनपीएलमय, क्रिकेटको प्रगति

नेपाल एनपीएलमय भएको छ । क्रिकेटको क्रेज र प्रगति दुबै प्रशंसनीय देखिन्छ । नेपालको क्रिकेट तेस्रो संस्करणसम्म आइपुग्दा विश्वस्तरीय आँखामा परिसकेको छ । प्रशारणको राइट्सबाटै ३२ करोड आम्दानी गरेको ब्यानले डेढ अर्बको कारोवार हुने प्रक्षेपण गरेको छ । हिजोबाट सुरू भएको यो प्रतियोगितामा आधुनिक प्रविधिको प्रयोग भएको छ । डेविड वार्नर र आन्द्रे रसेलजस्ता अन्तर्राष्ट्रिय खेलाडीहरू खेल्न नेपाल आएका छन्, यो खेल पर्यटन प्रवर्द्धन पनि भएको छ ।

८ टोलीले १६ करोडभन्दा बढी पाउनेछन् । पहिलो दोस्रो, तेस्रो र चौथो हुने टोलीले डेढकरोड, ८०, ४० र २० लाख पाउने भएका छन् ।

राष्ट्रसंघ कोषले दियो ३ अर्ब, नेपालको नैतिक बिजय

राष्ट्र संघको (लस एन्ड ड्यामेज फन्ड) हानी-नोक्सानी कोषले भोटेकोशी महाविपदमा ३ अर्ब सहयोग गर्ने निर्णय गरेको छ । नेपालमा भएको महाविनास हेर्दा यो हात्तीको मुखमा जिरा जस्तो भए पनि नेपालको नैतिक विजय भएको र नेपालको आवाज विश्वले सुनेको छ ।

अन्तर्राष्ट्रिय सहयोगको यो महत्वपूर्ण श्रृखला सुरू भएको छ । राष्ट्रसंघको यो कोषको ११औं बोर्ड बैठक सन् २०२७ मार्चमा काठमाडौंमा आयोजना गर्ने निर्णय हुनु अर्को महत्वको समाचार हो । यो बैठकको अवसरमा नेपालले कूटनीतिक चातुर्यताका साथ प्रस्तुत हुनुपर्छ र जलवायु परिवर्तनबाट नेपालले पाएको पीडा, भोगेको अन्याय र पर्वतीय पारिस्थितिक प्रणालीमा परेको संकटलाई विश्वव्यापीकरण गर्ने अवसर मिल्नेछ ।

कूटनीतिक विज्ञहरू भन्छन्- यो बैठक नेपालका लागि जलवायु कूटनीतिमा नेपालले शक्ति प्रदर्शन गर्ने अवसर पाउनेछ । नेपालले विश्वलाई हिमाल, हिमाली नदीबाट उत्पन्न समस्या र २ अर्बभन्दा बढी मानिसले पिउने पानीको विषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ । जसरी प्रम बालेन साहले राष्ट्रसंघमा आफ्नो मर्मस्पर्सी मन्तव्य दिएका थिए, त्यो मर्मलाई अझ उजागर गर्न उनलाई मौका मिल्नेछ । पर्यावरणको दुस्प्रभावबाट नेपालले जुन क्षति व्यहोरिरहेको छ, त्यसमा विश्वजगतले नेपाललाई अधिकारसम्पन्न पार्नुपर्नेछ ।

हो, दशौं अर्बका क्षति र दशौं हजारको ज्यान गएको हिमाली बाढीको कारणले नेपालमाथि जुन वज्रपात भएको छ, त्यसमा ठूलो क्षतिपूर्ति वा अनुदान नपाउला तर पुनर्निर्माणका लागि बहुपक्षीय निकायबाट सहुलियतपूर्ण ऋण पाउनसक्छ ।

नेपालले जुन प्रकारले राष्ट्रसंघमा गुहार लगायो, अधिकारको कुरा उठायो, यति छिटो राष्ट्रसंघीय कोष हर्कतमा आउनु नेपालको कूटनीतिक सफलता नै हो । एक अनुमानअनुसार भोटेकोशी बाढीबाट नेपालले झण्डै ७ अर्बको क्षति बेहोरेको छ । भौतिक संरचना ध्वस्त भएका छन् । यी भौतिक संरचना निर्माण र विस्थापितको पुनर्स्थापनाका लागि ७ खर्ब लाग्नसक्ने अनुमान गरिएको छ । यो पूर्वानुमान राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणले गरेको हो । हिमालमा जलवायु परिवर्तनको प्रभाव, जलवायु न्याय तथा भोटेकोसी-त्रिशूली विपत्सम्बन्धी संसदीय विशेष समितिमा समेत नोक्सानी र पुनर्निर्माणबारे चिन्ता



प्रकट भइसकेको छ । कतिपय राजनीतिक र कूटनीतिक व्यक्तिहरू यति ठूलो रकमका लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय रूपमै आवाज उठाउनु पर्ने देखिन्छ भनिरहेका छन् । यसका लागि समेत राष्ट्रसंघीय कोषको नेपालमै हुने बैठक नेपालका लागि उपयोगी हुनेछ । भोटेकोशीको बाढीका कारण १५ हजार परिवार घरवार विहीन भएका छन् । मानवीय क्षतिको आँकलन गर्नै सकिन्न । सडक, विद्युत आयोजना, पुल, स्कूल, आर्थिक, सामाजिक, शैक्षिक मेरूदण्ड भाँचिएको अवस्था छ ।

राष्ट्रसंघीय कोषको वित्तीय सहयोगले नेपालमा भएको बाढीको क्षति जलवायु परिवर्तनै कारण भएको भन्ने पुष्टि भएको छ । ठूला प्रदूषक चीन, अमेरिका, भारतजस्ता मुलुकमाथि नेपालको पुनर्निर्माणमा दबाब सिर्जना गर्न जलवायु कूटनीतिमासबैले सहयोग गर्नुपर्छ । यो समय बाढीको राजनीति गर्ने होइन, पीडा र पीडितको व्यवस्थापन गर्ने समय हो ।

छोरीलाई दिने शिक्षा छोरालाई पनि दिऔं।

नारायणप्रसाद मिश्र

समावेशी शिक्षा नेपालको आवश्यकता

नेपालजस्तो विकासोन्मुख देशमा शिक्षा केवल ज्ञान प्राप्त गर्ने माध्यम मात्र होइन, समाजको सोच, संरचना र भविष्य निर्माण गर्ने शक्तिशाली साधन पनि हो । तर, आजको यथार्थ हेर्दा हामी अझै पनि "समावेशी शिक्षा" को (इन्क्लुसिभ एजुकेशन) वास्तविक अर्थ र आवश्यकतालाई पूर्ण रूपमा आत्मसात गर्न सकेका छैनौं । समावेशी शिक्षा भन्नाले सबै प्रकारका बालबालिकालाई चाहे उनीहरू शारीरिक रूपमा फरक हुन्, बौद्धिक रूपमा भिन्न हुन्, वा न्युरोडाइभर्स (जस्तै अटिजम, ADHD आदि) अवस्थाका किन नहुन्, एकै शैक्षिक वातावरणमा समान अवसरका साथ शिक्षा दिने व्यवस्था हो । तर व्यवहारमा भने नेपालमा यस्तो समावेशी वातावरण निर्माण गर्न अझै धेरै चुनौतीहरू छन् ।

बहिष्करणको यथार्थ नेपालका धेरै विद्यालयहरूमा अझै पनि फरक क्षमता भएका बालबालिकालाई सहज रूपमा स्वीकार गर्ने प्रवृत्ति विकसित भएको छैन । अटिजम भएका वा अन्य विशेष आवश्यकता भएका बालबालिकाहरूलाई "समस्या" को रूपमा हेरिने प्रवृत्ति छ । उनीहरूलाई कक्षाकोठाबाट अलग राखिने, विद्यालयले भर्ना गर्न अस्वीकार गर्ने, वा शिक्षकहरूमा आवश्यक तालिम नहुँदा उनीहरूको आवश्यकताहरूलाई बेवास्ता गर्ने जस्ता समस्या व्यापक छन् । यसरी हुने बहिष्करणले ती बालबालिकाको आत्मविश्वास घटाउँछ, उनीहरूको प्रतिभा दबिन्छ, र उनीहरू समाजमा पछि पर्न बाध्य हुन्छन् । अझ दुःखको कुरा, धेरै अभिभावक समाजको डर र दबावका कारण बालबालिकालाई अगाडि ल्याउन सक्दैनन् ।

किन आवश्यक छ समावेशी शिक्षा:



हरेक बालबालिकासँग आफ्नै क्षमता, प्रतिभा र सम्भावना हुन्छ । यदि सही वातावरण, समर्थन र अवसर दिइयो भने, न्युरोडाइभर्स बालबालिकाहरूले पनि उत्कृष्ट उपलब्धि हासिल गर्न सक्छन् । नेपालमै यस्ता उदाहरणहरू छन् जहाँ अटिजम भएका बालबालिकाहरूले १० र १२ कक्षा उत्तीर्ण गरेका छन्, विभिन्न क्षेत्रमा आफ्नो पहिचान बनाएका छन् । यसमा अभिभावकको समर्पण र विद्यालयको सहयोग महत्वपूर्ण रह्यो (समावेशी शिक्षा केवल विशेष आवश्यकता भएका बालबालिकाका लागि मात्र होइन, सबैका लागि फाइदाजनक हुन्छ ।

थेरापीको पहुँच सुनिश्चित गर्ने

विशेष आवश्यकता भएका बालबालिकाका लागि स्पीच थेरापी, अक्कुपेशनल थेरापी, विहेभियरल थेरापी जस्ता सेवाहरू अत्यन्त आवश्यक हुन्छन् । विद्यालय वा नजिकै यी सेवाहरू उपलब्ध गराउनु आवश्यक छ ।

विद्यालयमा विशेष शिक्षा प्रणाली

विद्यालयहरूले विशेष शिक्षक Special Educator नियुक्त गर्नु, व्यक्तिगत शिक्षण योजना (IEP) लागू गर्नु र आवश्यक सहयोगी सामग्री प्रयोग गर्नु जरूरी छ ।

शिक्षक तालिम र संवेदनशीलता

सबै शिक्षकलाई समावेशी शिक्षासम्बन्धी तालिम दिई उनीहरूलाई हरेक बालबालिकाको आवश्यकता बुझ्न सक्षम बनाउनु ।

अभिभावकको सक्रिय भूमिका

अभिभावकले धैर्य, निरन्तरता र सकारात्मक सोचका साथ बालबालिकाको विकासमा पूर्ण सहयोग गर्नुपर्छ । घर र विद्यालयबीच समन्वय महत्वपूर्ण हुन्छ ।

सरकारी र नीतिगत समर्थन

सरकारबाट स्पष्ट नीति, बजेट र कार्यान्वयनको सुनिश्चितता हुनुपर्छ, जसले समावेशी शिक्षालाई व्यवहारमा उतार्न सहयोग गर्छ ।

समावेशी अभ्यासको एक प्रेरणादायी पहलयसै सन्दर्भमा, पछिल्ला दुई वर्ष छ महिनादेखि मोनास्टिक स्पेक्ट्रम लर्निङ सेन्टरले विद्यालयभित्रै थेरापी सेवा सञ्चालन गर्दै आएको छ । मोनास्टिक स्कूल, जनकपुरधाम सँगको सहकार्यमा सुरू गरिएको यस पहलले विशेष आवश्यकता भएका बालबालिकालाई विद्यालयमै आवश्यक सहयोग प्रदान गर्ने वातावरण सिर्जना गरेको छ ।

वैध राजतन्त्र गयो, त्यो कुन कानुनले गयो र कुन कानुनले रोक्न सक्छ ? २०४७ सालको वैध संविधान गयो, अन्तरिम संविधान आयो, कुन कानुनले गयो र कुन कानुनले रोक्न सक्यो? करोडौंको संख्यामा विदेशीलाई नागरिकतामात्र होइन दोहोरो नागरिकतासमेत दिइयो, कुन कानुन अन्तर्गत दिइयो, कुन कानुनले रोक्यो ? आधिकारिक सीमा र नक्सा ध्वस्त भए, कुन कानुनले रोक्यो ? आवधिक समय तोकेर जनताले गठन गरेका संस्थाहरू पनि जनादेश विपरित स्थायी खुवा बितिको रूपमा परिणत हुँदैछन्, खोई कुन कानुनले रोक्यो त त्यसलाई पनि ? मधेसलाई पनि अकल्पनीय बाह्य जनसंख्याको पृष्ठभूमिमा विस्फोटक ज्वालामुखी खडा गरेर राखिदिएको छ, त्यो विष्फोटन गराउना साथ कुन कानुनले रोक्छ, त्यस पृथकीकरणलाई ? संकट गहिरो छ ।



दक्षिण एसियाली संकटको समाधानका लागि सार्क



सार्क सचिवालय नेपालमा छ, सार्कको अध्यक्ष पनि नेपाल नै हो तर सार्क सम्मेलन किन भइरहेको छैन, कसका कारणले भइरहेको छैन, सम्भव बनाउन नेपालले गर्नुपर्ने कूटनीतिक प्रयास किन गर्नसकेन ? विपद् व्यवस्थापनका लागि सार्क क्षेत्रीय संयन्त्र कार्यान्वयनमा ल्याउन अध्यक्ष नेपालमाथि पहलको दायित्व छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सम्बोधन गर्दा भोटेकोशी-त्रिशूलीको बाढीलाई नेपालको मात्र विपत्ति बनाउनुभएन, उहाँले बंगालादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलंकासहित दक्षिण एसियाका मुलुकहरूलाई एउटै जलवायु संकटबाट प्रभावित क्षेत्रका रूपमा प्रस्तुत गर्नुभयो । हिमाल पग्लिने क्रमदेखि बाढी, पहिरो, समुद्री सतह बढ्ने जोखिम र युद्धका असरलाई उहाँले क्षेत्रीय समस्याका रूपमा उठाउनुभएको छ ।

उहाँले नेपालको विपत्तिलाई दक्षिण एसियाको साझा संकटसँग जोड्दै जलवायु जोखिमलाई क्षेत्रीय प्रश्नका रूपमा उठाउनुभयो । तर प्रश्न त्यहींबाट सुरू हुन्छ । दक्षिण एसियाका मुलुकहरूलाई विपत्तिले सीमा छुट्याएर हैदैन भने क्षेत्रीय सहकार्य गर्ने संस्थाका रूपमा रहेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) किन यति लामो समयदेखि राजनीतिक गतिरोधमा छ ? यसबारे अब प्रधानमन्त्री बालेन साहले सोच्नुपर्छ । सार्क शिखर सम्मेलनका लागि सरकारले कूटनीतिक सक्रय खालको पहल गर्नुपर्छ ।

सन् २०१४ मा काठमाडौंमा भएको १८औं सार्क शिखर सम्मेलनले जलवायु परिवर्तन र प्राकृतिक विपत्तिविरूद्ध सामूहिक पहलमा जोड दिएको थियो । त्यही सम्मेलनले 'सार्क एग्रिमेन्ट अन र्यापिड रेस्पोन्स टु नेचुरल डिजास्टर्स' प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशनसमेत दिएको थियो । प्राकृतिक विपत्तिमा क्षेत्रीय रूपमा छिटो उद्धार र सहयोग परिचालन गर्ने उद्देश्यले बनाइएको उक्त सम्झौता सन् २०११ मा हस्ताक्षर भई २०१६ देखि कार्यान्वयनमा आएको हो । सार्ककै दस्तावेजले यसलाई विपत्तिका बेला शीघ्र क्षेत्रीय प्रतिक्रिया संयन्त्र निर्माण गर्ने महत्वपूर्ण आधारका रूपमा व्याख्या गरेको थियो । यसरी सहमति र सहकार्यका लागि सबैले सहमति गरिसकेपछि फेरि किन सार्क शिखर सम्मेलन सम्भव भइरहेको छैन । आफ्नै बोलीबाट सहकार्य टुट्न सक्छ ? जुनसुकै कारणले होस्, ती कारणको निराकरण गर्न सबै सदस्य राष्ट्र एक हुनुपर्छ ।

तर सम्झौता कार्यान्वयनमा आएपछि पनि त्यसलाई व्यवहारमै सञ्चालन गर्ने विषयमा प्रश्न कायमै छ । अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको महासंघ (आइएफआरसी) ले समेत क्षेत्रीय विपद् प्रतिकार्य संयन्त्रलाई व्यवहारमा उतार्ने ठोस कदम अझै नदेखिएको उल्लेख गरेको छ । दक्षिण एसियासँग विपत्तिका बेला एकअर्कालाई सहयोग गर्ने सम्झौता छ, तर विपत्ति आउँदा त्यसलाई कसरी तत्काल सक्रिय बनाउने भन्ने व्यावहारिक पक्ष अझै कमजोर छ ।

भोटेकोशी-त्रिशूलीको विपत्तिले यही प्रश्नलाई फेरि सतहमा ल्याएको छ । हिमाली बाढी-पहिरोदेखि बंगालको खाडी र हिन्द महासागरका समुद्री जोखिमसम्म विपत्तिको प्रकृति फरक भए पनि दक्षिण एसियाको जोखिमको भूगोल एकअर्कासँग जोडिएको छ । सार्कको राजनीतिक प्रक्रिया भने सन् २०१४ को काठमाडौं शिखर सम्मेलनपछि अघि बढ्न सकेको छैन । **पाकिस्तानमा सन् २०१६ का लागि प्रस्तावित १९औं शिखर सम्मेलन हुन सकेन** । त्यसयता शिखर तहको राजनीतिक प्रक्रिया रोकिएको भए पनि सार्क पूर्णरूपमा निस्क्रिय भएको छैन । सचिवालय सञ्चालनमा छ र कार्यक्रम तथा प्राविधिक तहका गतिविधिहरू भइरहेका छन् । परराष्ट्र मन्त्रालयका अनुसार सन् २०२६ फेब्रुअरीमा काठमाडौंमा सार्कको 'प्रोग्रामिड कमिटी'को बैठकसमेत भएको थियो । यस्ता कर्मकाण्डी बैठकले केही हुनेवाला छैन । मृत्यु शैयामा पुगिसकेको सार्कलाई जिउँदो पार्न सक्दैन । यसका लागि अर्को महिना प्रम बालेन साह भारत जाँदैछन्, उनले सार्क बिउँताउन भारतलाई मनाउनुपर्छ । समस्या अनेक छन्, नेपाल भारतबीचका समस्या, दक्षिण एसियाका समस्या सबैतिर विषद छलफल हुनुपर्छ । प्रम बालेन साह अर्थपूर्ण भ्रमणमात्र गर्ने भन्ने प्रधानमन्त्री हुन् । सार्कको सम्बन्धमा अर्थपूर्ण भ्रमण बन्नसकोस्, प्रम बालेन साहको भारत भ्रमण, यसबारेमा सहयोग गरौं ।

शिखर तहको राजनीतिक प्रक्रिया रोकिएको अवस्थामा साझा एजेन्डालाई क्षेत्रीय निर्णयमा बदल्ने गति सुस्त छ । यहींबाट नेपालको भूमिका जोडिन्छ । नेपाल अहिले सार्कको अध्यक्ष हो । सार्कको सचिवालय पनि काठमाडौंमै छ । त्यसैले दक्षिण एसियाको साझा विपत्ति, जलवायु जोखिम र क्षेत्रीय उद्धार संयन्त्रको विषय उठ्दा नेपाल बाहिरबाट हेर्ने मुलुक मात्र होइन, संस्थागत रूपमा पहल गर्न सक्ने ठाउँमा पनि छ ।

राष्ट्रसंघको महासभामा उठाइएको जलवायु संकटको विषय नयाँ होइन । सार्कले पनि वर्षौंअघि प्राकृतिक विपत्ति र जलवायु परिवर्तनलाई साझा चुनौती मानेको हो । नयाँ कुरा के हो भने नेपाल आफैंले भोगेको ठूलो मानवीय विपत्तिपछि त्यसलाई फेरि दक्षिण एसियाली साझा प्रश्नका रूपमा जोड्ने अवसर आएको छ । बालेन साह सही छन् र यो साझा सवाल अर्थपूर्ण निकासमा हुनुपर्छ ।

भारत भ्रमणको अवसरलाई सार्कको टेबलसम्म लैजान सकिएमा भोटेकोशी-त्रिशूलीको पीडा एउटा राष्ट्रिय विपत्तिको विवरणमा मात्र सीमित रहने छैन । त्यसले दक्षिण एसियामा विपत्तिको पूर्वसूचना, सूचना आदानप्रदान, उद्धार सामग्री तथा जनशक्ति परिचालन र सीमापार मानवीय सहयोगका लागि क्षेत्रीय संयन्त्रलाई व्यवहारमा उतार्ने बहसलाई गति दिन सक्छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रसंघको महासभामा दक्षिण एसियाको साझा संकट सुनाउनुभयो । अब त्यसलाई आफ्नै नेतृत्वमा रहेको सार्कको साझा एजेन्डामा लैजान नेपालले कूटनीतिक पहल सुरू गरिहाल्नुपर्ने देखिएको छ ।





वाङ्मय साधकहरूका लागि पढ्नैपर्ने एउटा पुस्तक



एकथान फोन सम्पर्कमा आउने बेला भयो



भन्ने हुन्न श्रीमतीलाई नुन चर्को छ
महिला हिंसा भयो भन्छिन् कानुन चर्को छ
चोक चोक गल्लीगल्ली अधिकारका कुरा
हेर अचेल घाम भन्दा जुन चर्को छ ।

- रिना बम



बुद्धि बेचेर मूर्ख किन्ने, बजार गजबको छ,
सत्यलाई दोषी ठहऱ्याउने, दरबार गजबको छ
गधाले प्रवचन दिन्छ, बाँदरले ताली ठोक्छ,
मान्छे बन्ने अभिनय गर्ने, संसार गजबको छ ।

- अर्जुन अधिकारी

एक थान फोन सम्पर्कमा आउने बेला भयो,
मनका दूरी मेटी, आत्मीयता छाउने बेला भयो,
ती दिन, ती रातहरू बितेको पत्तै नपाउने गरी,
भाइचारा र मित्रताको रङ्गमा रमाउने बेला भयो ।

- निरजकुमार माझी



हर उल्झनका हलमा कमिला
तर छैन कुनै छलमा कमिला
किन मानिस बन्छ निरीह स्वयम्
अति कर्मठ छन् बलमा कमिला ।

- उत्तम भेटवाल



भाइले अर्का भाइको कथा व्यथा सुन्छ जब
सजिलो छ, आनन्द छ, एकता हुन्छ जब
एकता, माया भनेको के हो सबैले बुझ्नेछन्
मान्छेलाई दुःख पर्दा अर्काको मन रून्छ जब ।

- पारसभट्ट प्यासी



सिमानाका जगेपिल्लर उखेलेर खाल्डा मेटिन्छन्
गोरखपुरको स्टेशनमा नेपाली नागरिकता भेटिन्छन्
पुर्खाले जोगाएर विर्तामा थमाइदिएको
स्वाभिमान दिल्लीका ईशारामा सिंहदरबारमा रेटिन्छन्

- देवी काफ्ले





साहित्यकारको सम्मान

साहित्यकार स्वतन्त्र संस्था वा साधकबाट सम्मानित हुनपायो भने उसले सफलता हासिल गरेको हुनेछ । हिजोआज सम्मानको ओज र ओज घट्दै गएको सन्दर्भमा साहित्यिक पत्रकार संघले राम्रो काम गर्दै आएको देखिन्छ । मनसुनले होइन, प्रभाव र दवाले पनि होइन, कृति र साधनाको कदर गरेर जुन सम्मान दिने गरिन्छ, त्यसको गरिमा र महिमान नै अलग्गै हुनेगर्छ । यस्तै सम्मान वरिष्ठ आख्यानकार पद्मावती सिंहले प्राप्त गर्नुभएको छ ।

२०८३ साल कार्तिक ८ गते गुञ्जनकी संस्थापक अध्यक्ष तथा साहित्यिक पत्रकार संघकी कोषाध्यक्ष वरिष्ठ आख्यानकार, कवि एवं गीतकार पद्मावती सिंहलाई नगद पचास हजार राशिसहित 'कविडाँडा सुवर्ण-तुलसी काव्य पुरस्कार-२०८२' बाट सम्मानित गरिएको दृश्य रमाइलो थियो ।

पुरस्कारको स्थापना अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी पूर्व अध्यक्ष गीतकार सरला श्रेष्ठले गर्नुभएको जानकारी दिइएको छ । यस्तै यस्तै साधकहरू सम्मानित हुँदै जाउन्, जुन सम्मान प्रशंसनीय बनोस् ।


धरहराको बकपत्र

(कवितासङ्ग्रह–पुस्तक समीक्षा)



अरूणबहादुर खत्री

कवि पुष्कर रिजालको धरहराको बकपत्र नामक कवितासङ्ग्रह २०८२ सालमा प्रकाशित भएको छ । यसभित्र उनले लेखेका आमा, बा, मुस्कान किन रूक्छ ?, तिम्रो स्वभाव, प्रातः उमङ्ग, गन्तव्य, कद लगायत विभिन्न शीर्षकका ८८ वटा कविताहरू राखिएका छन् । यस कृतिभित्र रहेको आमा शीर्षकको पहिलो कवितामा बिरसिलो बगरमा खै केको रसले हो मेरो टहल गर्दागर्दै टकटक बगरका वज्रझैं कडा दर्शनदुङ्गामा बज्ने घनले गिट्टीको सट्टा फुटालेका तिम्रा औंलामा खै कति थिए ! निलो रगत जमेका फोका कति सहनशील थियो तिम्रो छाती ! भनेर कवि रिजालले लेखेका छन् ।



तिम्रो स्वभाव शीर्षकको कविताभित्र हिउँदको घामपानीमा लुकामारी गर्दागर्दै घरी बिजुली बनेर बादलमा लुक्ने घरी जून बनेर किनारमा चम्कने छिनमै बलेनी, छिनमै इन्द्रेनी हुने खुला तर भुलभुलैया यो आकाशको स्वभावलाई प्यारी, म तिम्रो स्वभाव कसरी भनूं ! भनिएको छ । कवि रिजालका कविताहरू सुन्दर छन् । प्रातः उमङ्ग शीर्षकको कविताभित्र पोतेपछि पारि क्षितिजमा अलिअलि उज्यालो उज्यालोकै गीत गाउँदै छन् काला कौवाहरू पनि कर्कस स्वरलाई मसिन्नाएर लय छोप्दै जुरेलीसँग भनेर कविले उल्लेख गरेका छन् ।

वा शीर्षकको कविताभित्र मैले सिकेका वर्णहरूमा पहिलो सबै अक्षरहरूमा असल सबै शब्दहरूमा सबल वाक्यहरूमा सुन्दर नाम वा । मैले जानेको ज्ञानको सुरू वा पाएका सबैसबै सान ! भनेर लेखिएको छ ।

मुस्कान किन रूक्छ ? शीर्षकको कवितामा वासन्ती महकमा रल्लिएको मन अनि काखका प्यारा नाति नातिनीजस्ता हर्किएका निलगिरिहरू ढाकाका बुटे चोलीमा नअटेको जवानी गुराँसका धुँगाले यसो छोपेर भनिएको छ ।

मलाई बहादुर भनिनु छैन
तर भन्नु छ मैले
इतिहासको कोलाजमा
मधुरा बनेका दुईचार कुरा !

यस कवितासङ्ग्रहको नाम धरहराको बकपत्र शीर्षकको कवितामा कविले मलाई बहादुर भनिनु छैन तर भन्नु छ मैले इतिहासको कोलाजमा मधुरा बनेका दुईचार कुरा भनेर लेखेका छन् । गन्तव्य शीर्षकको कवितामा यी खुसी पनि यात्रामा हुँतिदै ओरालो झरेको यात्रीझैं झर्दै छन् ओरालो अलि अलि चढेर उकालो झर्नै पर्ने ओरालो हिँड्नै पर्ने बाटो भनिएको छ ।

कविले यो समयमा किताबका खाली पाना र नोटकापीका पछाडि आफ्ना भावना कोर्थे । ती टिपोट कविता थिए कि थिएनन् कुन्नि ! यिनै कुराले उनको दिल कवितामा बस्दै गयो होला । २०५४ सालमा एस.एल.सी. दिएपछि आई.ए. पढ्न महेन्द्र क्याम्पस डाङमा कवि भर्ना भए । यसपछि भने क्याम्पस र घोराहीमा हुने विभिन्न साहित्यिक कार्यक्रमहरूमा सहभागी हुन थालें । कार्यक्रममा कविता सुनाउन पाउँदा के के नै जितेझैं लाग्थ्यो कवि रिजाललाई । त्यसै बेलादेखि क्याम्पसबाट निस्कने पत्रिकामा पनि उनले लेखेका कविता छापिन थालेका हुन् । आफूले जितेका प्रतियोगितामा उनलाई अझ जोस्याउँथे । पछिपछि एफ.एम. र रेडियोमा पनि उनका रचना सुनिन थाले ।

कवि पुष्कर रिजालको 'धरहराको बकपत्र' कवितासङ्ग्रह लामाछोटा, मुक्तछन्द र बद्धछन्दका गरी जम्मा ८८ ओटा कविताहरूको सँगालो हो । यसमा अधिल्लो खण्डमा रहेका कविताहरू आन्तरिक सङ्गीत चेतनायुक्त गद्य भाषामा संरचित छन् भने पछिल्लो खण्डका कविताहरू शास्त्रीय र लोकलयमा संरचित छन् । तिनलाई पनि भावगत आधारमा आस्था र ऊर्जाका हरफहरू, मनभरि देश, मुटुभरि माया, समय र सवाल, शास्त्रीय छन्दका कविता र लोकछन्दका कविता गरी पाँच भागमा विभाजन गरिएको छ । मनभरि देश, मुटुभरि माया खण्डमा रहेको 'धरहराको बकपत्र' शीर्षकको कविता नै यस सङ्ग्रहको शीर्षकविता हो ।

कवि रिजालको 'जन्मभूमि कर्मभूमि' शीर्षकको अन्तिम कवितामा कविभित्र उकुसमुकुस भएर बसेको जन्मस्थल र जन्मघरप्रतिको प्रेमभावलाई प्रतिविम्बित गरेको छ । यसले पाठकलाई अभिधामा नै सिधै जन्मघरसम्म पुऱ्याएको देखिन्छ भने त्यसमा अभिव्यक्त स्मृतिविम्बले कविभित्रको संवेदना, करूणा र नोस्टाल्जिक चेतनालाई उद्घाटन गरेको देखिन्छ । यस कवितालाई भावविन्यासमा भने निर्वैयक्तिक अनुभूतिको साधारणीकृत उपस्थिति छ । यो आजको गाउँको यथार्थ हो र सिङ्गो देशको यथार्थ पनि हो । आज सहरमोहले गर्दा गाउँका घर हरू रित्तिँदा छन् भने विदेशमोहले गर्दा देशघर पनि रित्तो रित्तो हुँदै गएको छ ।

काली हाग्री कलकल गरी गाउँछिन् गीत नौलो
मेची हेर्दै अतुल गरिमा पूर्व पारी सुनौलो ।
अल्ला मेरा हिमगिरि छोई उच्च आकाश भन्छन्
हाम्रा जस्तै छवि शिर कहाँ खोज्न थालेर मिल्छन् ?

कवि रिजालले लेखेको मेरो देश शीर्षकको यस कवितामा काली हाग्री कलकल गरी गाउँछिन् गीत नौलो मेची हेर्दै अतुल गरिमा पूर्व पारी सुनौलो भनेर आफ्नो जन्मभूमि देशलाई सम्झेर लेखेका छन् । ऐंसेलु शीर्षकको कविताभित्र सानामा साना ऐंसेलु दाना टपक्कै टिपेर मायालेे हो कि काढ़ाले कुन्नि, विस्तारै खिचेर । काफल चरी त्यो वनभरि गाउने कोहो को हिजोझैं फेरि म गाऊँ पुगे, क्या मजा हुँदो हो भनिएको छ ।

बैरीका सामु शिर उचो पारी विश्वमै सुहायौ
देशले मागे गर्धन थाप्यौ, रगत चुहायौ ।
के पायौ कठै ! यो धर्ती छाडी स्वर्गमा रमायौ
हे प्यारा सहिद ! देशको भार हामीमा थमायौ ।

उनले लेखेको सहिद ! शीर्षकको यस कवितामा बैरीका सामु शिर उचो पारी विश्वमै सुहायौ देशले मागे गर्धन थाप्यौ, रगत चुहायौ के पायौ कठै ! यो धर्ती छाडी स्वर्गमा रमायौ हे प्यारा सहिद ! देशको भार हामीमा थमायौ भनेर सहिदप्रति सम्झेर लेखेका छन् ।

कृति: धरहराको बकपत्र (कवितासङ्ग्रह) कवि: पुष्कर रिजाल, प्रकाशक: कवि स्वयम्







सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

अब हिन्दुराष्ट्र घोषणा गरौं

पशुपतिनाथले रक्षा गरून् भन्ने विषय प्रम बालेन साहले पनि उठाए । राष्ट्रसंघको मञ्चबाटै उठाए । यसकारण दुई तिहाईको सरकारले हिन्दुराष्ट्र घोषणा गर्न ढिला किन गर्ने ? हिन्दु परम्परा र संस्कृतिलाई सामन्तको संस्कार ठान्ने कम्युनिष्ट बढारिसकेका छन् । स्थानीय निर्वाचनपछि झन बढारिनेछन् । यद्यपि कम्युनिष्टहरू पनि हिन्दु परम्परामा भिजेका छन्, नारा चाहिं धर्मनिपेक्षताका लगाउने गरेका छन् । यो नाटक धेरै भयो । यथार्थमा नेपालका पुराना कांग्रेस, कम्युनिष्ट, मधेशवादी र नयाँ ठूलो दल रास्वपा सबै हिन्दुवादी छन् । यसकारण हिन्दुराष्ट्र घोषणा गर्न ढिला नगरौं ।

छठ भन्नुस् कि दशैं, तिहार भन्नुस् कि हिन्दु जात्राहरू, सबैतिर अरु त छँदैछन्, कम्युनिष्ट अग्रपंक्तिमा देखिन्छन् । कम्युनिष्ट विरोधका हुन् कि सपेक्ष, अहिले चर्चा नगरौं । यो चर्चा जरूरी छ कि नेपाल हिन्दुराष्ट्र थियो, छ र रहिरहनेछ । संविधानमा धर्मनिरपेक्षता लेख्ने कम्युनिष्टहरु धुरन्धर पण्डित पल्टेको धेरै भयो । यहाँसम्म कि दशैंको टीका त घुँडा टेकाएरै लगाइदिएको, लगाएको पनि देखिएकै हो । हिन्दुत्व अमर छ, रहिरहनेछ ।

नौसिखा कम्युनिष्टहरु राजाको हातको टीका लगाउनु हुन्न भन्थे। श्री ३ को पारामा टीका लगाइदिने श्री ६ जस्ता राष्ट्रपति प्रधानमन्त्रीलाई सही सुझाव दिन सक्दैनन् । किन ? नागरिकको इज्जत गरेमात्र नागरिक समाज सम्मानित हुन्छ, संविधान सम्पोषित हुन्छ, संस्कार र धर्मको पनि रक्षा हुन्छ भन्ने कुरा सिकाउँदैनन् । १८ वर्षसम्म प्रधानमन्त्री निवासलाई पार्टी कार्यालय, कूलघर र पाँचदिनसम्म टीका लगाउने थलो बनाउँदा पनि नेकपाका कार्यकर्ता, थिंकट्यैंकहरुलाई पाच्य भएको थियो। त्यतिबेला प्रधानमन्त्री, राष्ट्रपति निवासमा कुन जनताको भीड गयो टीका लगाउन, टीभीले देखाएकै थियो। हिजोका दिनमा एक दिन टीका लगाए पुग्नेमा सरकारी कर्मचारीलाई कार्यालय जानुभन्दा प्रधानमन्त्रीकोमा टीका लगायो घरतिर गयो, सजिलो पारिदिए प्रधानमन्त्रीले। यिनैको ओठमै झुण्डिएको थियो, समृद्ध नेपाल, सुखी नेपाली। भदौ २३ र २४ गते जेनजी पुस्ताले विद्रोह गरेर यिनको हैसियत देखाइदिएकै हो। अब समय परिवर्तन भयो, सबैकुरा परिवर्तन गर्ने बेला भयो। भूल सुधार गर्ने समय यही हो। यसकारण नेपाल हिन्दुराष्ट्र थियो र छ भन्ने दिन आयो, अबेर नगरौं।

पूर्वराजा ज्ञानेन्द्र शाहले पनि जनताको कुरा दोहोऱ्याएर भनेका थिए र छन्, संवाद सहमति र सहकार्यका साथ अघि बढौं, देशका समस्यासँग सामना गरौं। मसँग भएका सहमतिको पालना गरौं। पूर्वराजाले शक्तिको आशक्ति देखाएको छैन। मात्र नेपाल र नेपालीको शान्ति र प्रगति चाहेको हो।

जेहोस्, कांग्रेस, कम्युनिष्ट, मधेशवादी, रास्वपा सबै हिन्दुधर्मप्रति सहज छन्। फेरि कसको भयले हिन्दुराष्ट्र घोषणा गर्न तगारो लागेको हो ? हिजो जे भूल भयो, सच्याउँ। नेपाललाई हिन्दुराष्ट्र घोषणा गरौं। जब सबै धर्मप्रति समभाव राख्ने यो धर्म दुई तिहाईको सरकार, राष्ट्रपति, सुरक्षा निकायदेखि सबै संवैधानिक अंगहरुलाई मान्य छ भने संविधानमा धर्मनिरपेक्षता किन लेखिराख्ने ? जे पनि संशोधन गर्नसक्ने बहुमत भएकाले अब विश्वकै एकमात्र हिन्दुराष्ट्र नेपालको पहिचान कायम गराउने सुनौलो अवसर रास्वपाको सरकारलाई प्राप्त भएको छ। यो अवसरको उपयोग गरेर बालेन सरकारले नेपाललाई हिन्दुराष्ट्र घोषणा गरायो भने यसले प्राप्त गरेको लोकप्रिय मत अझ बढ्नेछ। जनताले खोजेको माग पूरा हुनेछ।

स्थानीय निर्वाचन रास्वपाको अग्निपरीक्षा



टोल टोल, गाउँ गाउँसम्म मेडिकल पसलहरू फैलिएका छन् । त्यहाँ डाक्टर नभए पनि कम्पाउण्डर अर्थात काम गर्दा गर्दा जानेकाहरू डाक्टर बनेर बसेका छन् र सानो ठूलो जस्तो रोग लागे पनि स्थानीय नागरिक पहिले जाने त्यहीं त्यही हो । दाँत वा पेट दुखे पनि, ज्वरो वा वान्ता भए पनि, जे भए पनि मेडिकल जानासाथ उसले ओखती दिन्छ, साथमा टनिक पनि भिडाउँछ । कारण ओखतीभन्दा टनिक महँगो र टनिकमा बढी फाइदा हुने रहेछ । धेरै निको हुन्छन्, कतिपय त्यही ओखतीले असाध्य रोग बल्झेर खतीमा पर्छन् ।

टाढाको अस्पतालभन्दा नजिकको मेडिकल, अहिले पनि चलिरहेकै छ ।

गाउँ गाउँ, टोल टोलमा अस्पताल होस् भन्ने सपना ठूलो हो । अस्पताल नजिक होस्, अस्पताल सर्वसुलभ र डाक्टर जुनसुकै वेला भेटियोस् । अस्पताल पुगेर सहज उपचार पाइयोस् । यो मेरो सपना हो । अस्पताल पुग्न राजधानीका जस्ता अस्तव्यस्त सडक नहोस् । अस्पताल लगेको विरामी जाममा फसेर एम्बुलेन्समै मर्नु नपरोस् । यो मेरो सपना हो ।

नागरिक हिड्ने सडक अहिलेजस्तो खाल्डाखुल्डी नहोस्, कम्तिमा धुलो र धुवाँ कम उड्ने खालका हुन् । ७ वर्षदेखि चावेल साँखुको, बल्खु दक्षिणकालीको, कलंकी थानकोट नौबिसेको बाटोजस्तो धुलाम्मे, हिलाम्मे, खाल्डैखाल्टा नहोस् र यो सात वर्षमा धुलो र धुवाले दमको रोगी बनेर हजारौंको मृत्यु भइसकेको छ, यस्तो गैरजिम्मेवार सरकार नहोस्, ज्यानमारा राज्यनीति नहोस्, जनतापतिको जिम्मेवारी लिनसक्ने सरकार होस् । यो मेरो सपना हो ।

मेरा बालबालिकाले स्कूलदेखि कलेजसम्म, त्यसपछि शिक्षा हासिल गर्न मनलागि फी तिर्नु नपरोस्, प्राविधिक शिक्षा हासिल गर्न भनसुन गर्नु नपरोस्, नेपालमा पढ्न नपाएर विदेशतिर लाग्नु नपरोस् र विदेशतिरै अलमलिएर देश बिर्सने बाध्यतामा नपरून् भन्ने हो । तर के गर्ने देशमा शिक्षा, स्वास्थ्यलगायतका सामान्य आवश्यकताका क्षेत्रमा माफियाकै हैकम छ । बजारदेखि सिंहदरबारसम्म सेटिङ र सिण्डिकेट छ, कमिशनकै चलखेल छ । कि त माफियाले भनेजति पैसा दिन सक्नुपऱ्यो, कि विदेशतिर हुईंकिनु पऱ्यो । आमनागरिकका लागि सरकार छ नै कहाँ र ? सरकार फौलिनुपऱ्यो ।

यसकारण लोकगणराज्यले दिनैपर्ने नागरिकका आधारभूत आवश्यकताका साना सपना पूरा गर्न सरकार ठूला ठूला सपना देखाउँछ । काठमाडौंसम्म केरुङ र रक्सौलबाट रेल जोड्छु भन्छ । राजधानीमा मेट्रो चलाउँछु भन्छ । राजधानीलाई मेट्रो सिटी बनाउँछु, हावाबाट बिजुली निकाल्छु र घर घरमा ग्यासका पाइपलाइन जोडिदिन्छु भन्छ । थानकोटबाट काभ्रे हुँदै सिन्धुपाल्चोकसम्म मेट्रो चल्छ रे । हिजो पुराना सपना अनेक थिए, आज परिवर्तनकारी सरकारका सपना त्योभन्दा बढी छन् । सात वर्षदेखि सडक साइकल चल्न नसक्ने स्थितिमा छ, एक सरकारबाट ७ सय ६१ सरकार बनेका छन् । यी सरकारहरूमा मन्त्री, सचिव, सहायकदेखि पार्टीका आउरेबाउरेको लामबद्ध मान्छेहरू जनता निचारेर कर अशुल गर्दै खाँदैछन् । जुकाले रगत चुसेजसरी जनता चुसेर ढाडिएका जुकाले चुस्दिन भन्दैन, कम्युनिष्ट सरकारमा पुँजीवादी शोषणको पराकाष्ठा नाघिसकेको थियो, कांग्रेस भ्रष्टाचारमा रमाएकै हो, रास्वपा अहिलेसम्म भ्रष्टाचारमा गनाएको छैन र यिनीहरू मेरा साना साना सपना कुल्चेर ठूला ठूला सपना देखाइरहेका छन् । पूरा गरून् । जनता सपना पूरा हुने आशमा रहेका छन् । जनताको आशमार्दा के सम्मका घटना देखियो, त्यस्तो फेरि नहोस् ।

म मेरा जनप्रतिनिधि, मेरो सरकार, मेरो संविधान, मेरो लोकतान्त्रिक गणतन्त्रको बौलाह चरीत्र देखेर छक्क छु । म सामान्य सपना पूरा होस् भनिरहेको छु, राज्य स्वर्गै दिन्छु भन्ने सपना देखाइरहेको छ । म कम्पाउण्डरले ओखतीभन्दा बढी टनिक बेचेजस्तो र टनिक किन्न बाध्य पारिएको विरामीजस्तो म पनि राज्यको सपना देखेर जील खाइरहेछु, जिल्लाराम छु ।

प्रधानमन्त्रीले पनि सपना देखेका छन्, चुनावमा देखेकै हो । प्रधानमन्त्री भन्छन्- सपना देख्नेले पूरा गर्छ । हो, नेपाल सपनाको देश हो, सपना नै सुशासन र समृद्धिको आधार हो । भ्रष्टाचारको अन्त र भ्रष्टाचारीमाथि कारवाही हो । सपना देखिएन भने सत्ता टिक्दैन, राजनीति चल्दैन । सपना शायद नेपाली राजनीति गर्ने अचुक उपाय हो ।

जनयुद्धकालखण्डमा युवाहरूलाई जसले खेती रोजे खेत पाइने, महल रोजे महल पाइने, जसले जे रोज्छ त्यही पाइन्छ भनेर बन्दुक बोकाइयो । मर्ने मरे, बाँच्ने पहुँचवाला सत्ता र शक्तिमा पुगे, नसक्ने अयोग्य भए, कोही खाडी गए, कोही यतै ढलपडा छन् । कतिपय युवतीहरू राजमार्गमा यौवन बेचेर बालबचेरा पालिरहेका छन् । सपना देखाउनेहरू महाराजा बने । महासामन्त बने । सपना भनेको देखाउनेलाई सपानै रहेछ । देख्ने सधैं सपना देखेर बाँच्नु न मर्नुपर्ने छटपटीमा हुँदा रहेछन् । नेपालमा जे भइरहेको छ, अहिले यस्तै भइरहेछ ।

जनयुद्ध पनि सपना नै थियो । असमानता हटाउन, भेदभाव र विभेद मास्न, समृद्धिको साम्राज्य सिर्जना गर्न निरंकुशता फाल्दै भनेर जनतालाई घरघरबाट सडकमा आउने वातावरण बन्यो । परिवर्तन भयो । राजा झुके, मरेको संसद ब्यूँतियो । संसद ब्यूँतियो कि भूत ? सबै रनभुल्लमा छन् । किनभने त्यही संसदबाट संविधानसभा जन्म्यो, संविधानसभाले राजा फालेर महाराजाको उत्पत्ति गरायो, संविधान जारी भो, विभेद बढ्यो, समानता आएन । आयो त तिनै परिवर्तनका नेतृत्व गर्नेहरूलाई आयो । तिनकै रजगज चलेको छ, तिनीहरू नै आधुनिक श्री ३ महाराज बनेका छन् । जनता हिजो अन्यायमा थिए, आज महाअन्यायमा परेका छन् । जनताप्रतिको जिम्मेवारी कसैले लिन तैयार छैन । जनताप्रति जिम्मेवार हुने नपर्ने लोकतन्त्र आएको छ । लोकतन्त्र लूटतन्त्र बन्यो, लुटाहरूको शासन सकियो । परिवर्तनकारी युवा राजनीतिमा आए ।

युवाले दिने परिवर्तन कस्तो होला ?

पुराना लुटाहरूले देशै अभरमा पार्न थालेका छन् । नयाँलाई कामै गर्न दिएका छैनन् । देशको जिम्मेवारी लिनेसमेत कोही भएन । देशैभरि जागरण अभियान चलेको छ । भर्खर परिवर्तन आएको ६ महिना भयो, केको जागरण अभियान हो यो ?

नागरिक समाज देशका वास्तविक नक्सा माँगिरहेको छ । भएछ के भने लोकतान्त्रिक नेताहरूले कालापानी, लिपुलेक, लिम्पियाधुरा भारततिर पारेर राष्ट्रको नक्सा नै फेरिसकेछन् । गणतन्त्रले गरेन त कमाल । देखाएन त सपना ? जनता ठूला सपना सिनेमा हेरेजस्तो हेरिरहेका थिए, सपना देखाउने सरकारले त राष्ट्रको निगौंला काटेर भारतलाई दिइसकेछ । यता समृद्धि र सुशासनको टनिक बेचेर उता सत्ताको मुनाफा पो घिचिसकेछन् जनप्रतिनिधिहरूले । यो विषय जनतालाई सह्य भएन । यसकारण परिवर्तन आएको हो । बालेन सरकारले अब यो भूल पनि सच्याउनुपर्छ । निकट भविष्यमा प्रम बालेन भारत जाँदैछन्, अर्थपूर्ण भ्रमणको अर्थ जनतालै बुझ्नेगरी सम्पन्न हुनुपर्छ । यसका लागि अहिले देखि नै गहन होमवर्क होस् ।

सपना समृद्धि र सुशासनको देखाएको हो दुई तिहाईको सरकारले । पेण्डोराको बाकस खुलेझैं खाली भ्रष्टाचार र ठेकेदारहरूको पोलखोल पो भइरहेछ । कमिशन र सुनकाण्डहरूबाट अब त बलात्कार र हत्याका श्रृंखलाहरू पो बहन थाले । सपनाको सुन्दर जीवन देखाउनेले सुन्दर काम पनि गरेर देखाउनुपर्छ ।

मेरो सानो सपना, समाजमा सभ्यताको विकास होस्, भाइचाराको विकास होस्, बहुल जातीय समाजमा जातीय सद्भाव कायम होस् भन्ने हो । सपना देखाउनेहरू जातीय, क्षेत्रीय विभाजनका मुद्दा उठाउँछन् । अब त मधेसतिर मधेश अलग देश हो भन्ने नारा उठिसक्यो । दुई तिहाईको सरकार ले सपना देखाइरहेछ, जनतासँग करार पनि गरेको छ, घोषणापत्र पनि पढाएको छ । त्यो परिकल्पना कछुवाको गतिमा होइन, डाँफेले वेग हानेजरी पूरा हुनुपर्छ । अगरमगर हुनुहुन्न ।

भूकम्प पीडितले अझै बास बनाउन सकेनन्, बाढी र पहिरो पीडितले राहत पाएका छैनन्, अतिरोग पीडितले उपचार पाएका छैनन्, गरीबीको परिचयपत्रसमेत धनीलाई वितरण गर्ने कम्युन्यालिष्टको अन्त भएको छैन । सपना देख्ने र सत्ता चलाउने, तस्कर र माफियाको, भ्रष्ट र असामाजिक तत्वको विगविगी कमजोरमात्र भएको हो, रोकिएको छैन । हिजो तिनलाई खोकिलामा हालेर बचाउने राज्यलाई लोकराज्य भनियो, आज त्यस्तो नहोस् ।

जनताले सतिसालजस्तो जनमत दिएका छन् । नैतिकताको घोडा चढेर लोकतन्त्र देखाउनुपर्छ । जनताको अपेक्षा पूरा गर्छु, कुनै भ्रष्टाचारीलाई छाड्दिन भन्ने प्रधानमन्त्रीको खुट्टी भिजेको परालखुट्टे देखिनु हुन्न । जनतातिर फर्केर जनमतकै कदर हुनुपर्छ । जनताले जयकार गर्न पाउनुपर्छ । हिजोजस्तो घृणा गर्ने दिनको अन्त हुनुपर्छ । सरकारपति अपनत्व लिएको दिन जनादेश देखिनुपर्छ ।

६ महिना भयो यो सरकार जन्मेको । एउटा मात्र राम्रो काम पनि यो सरकारले देखाउन सक्दैन । सुरूआत गरेको छ, नतिजा आइसकेको छैन । सरकारको कामको लय खोई ? सरकारको हातमा जादुको छडी छैन होला, तर कामको रूपरेखा अब देखिनुपर्छ ।

रास्वपाले दुई तिहाइ पायो । राजनीतिक स्थिरताले समृद्धि ल्याउने भो भन्ने जुन सपना जनताका आँखामा देखिएका थिए, ती सपना पनि भोटेकोशीको बाढीपछि पछि पछि धकेलियो, विपक्षीको तीव्र विरोधले पछि धकेल्यो । काम गर्ने नदिने र असफल पार्ने विपक्षीको रणनीतिले अस्थिरता र अराजकता बढ्ने देखियो ।

बालेन सरकार, साना साना सपना देखाउ, पूरा गर । गैरजिम्मेवार हुने काम नहोस् । जब सरकारमा बस्नेहरू नै गैरजिम्मेवार कामकुरा गर्छन्, तिनका सहयोगी, राज्यसञ्जाल कसरी जनतापति जवाफदेहिता निर्वाह गर्छन् । यसतिर पनि ध्यान दिनुपर्छ । बहुलापन सह्य छैन । जनतालाई मूर्ख बनाउने दिन सकिएको आभाष हुनुपर्छ । जनताले आफ्नो अस्तित्वको रक्षा आफैले गर्नुपर्ने दिन आयो, जनता जाग्नुपर्ने भयो । जनताले बालेनलाई साथ दिनुपर्ने दिन आयो ।

अपार श्रोत साधन छ भनेर कति चिच्याउने ?

मुलुकमा अपार श्रोत साधन छ भनेर बुध्दिजीवि, राजनीतिक विश्लेषक, विज्ञ तथा विद्यार्थी नेताहरु, जेनजी अभियन्ताहरु दोखि शीर्षस्थ वरिष्ठ नेताहरु सबै कराएको कराएकै छन्, चारदशक देखि यसरी कराएको कराएकै गदांगदैं आजको दिनमा भारत र बंगलादेश, वर्मा र अरु देशका नागरिक नेपालीहरु भन्दा दोबर धनी हुन पुगिसके। नेपालको परिवेशमा श्रोत साधनहरु भन्नाले प्रमुख रुपमा कृषि, पर्यटन, जलश्रोत, श्रम शक्ति, दुई विशाल छिमेकी मुलुकको ठूलो बजार, र १७५ देशमा फैलिएका विशाल diaspora समाज हुन्।

यी ६ वटै क्षेत्रमा नेपालसँग पर्याप्त संभावना (potential) भएको सत्यतथ्य कुरा हो। त्यत्रो potential हुँदाहुँदै जनता र राष्ट्र अन्य मुलुकको तुलनामा किन धनी हुन नसकेको भन्ने प्रश्नको जवाफ खोज्न सरोकारवाला सबै, खासगरी जनताको समर्थनमा बनेको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका हात धोएर लाग्नु पर्ने हो। यी संभावनाहरुलाई प्रभावकारी ढंगले कूशलतापूर्वक आर्थिक विकासमा प्यान्तरित गर्न असल संस्थाऽकानून जरुरी हुने एक सामान्य ज्ञानको कुरा हो। यस सम्बन्धमा WHY NATIONS FAIL भन्ने एक चर्चित पुस्तकले पनि प्रस्ट भनेको छ कि कुनै मुलुकमा भएको श्रोत साधन उचित ढंगले जनतालाई फाइदा हुने तवरले प्रयोग गर्न सबभन्दा महत्वपूर्ण प्रथम आवश्यकता भनेको उच्चतम आर्थिक प्रतिष्ठानऽप्रतिष्ठित नियम विधि (economic institution) स्थापना गर्ने हो। उक्त पुस्तकले प्रतिपादित गरेको यो तर्कको आधार गलत छ भनेर कसैले अडान लियो भने त्यस व्यक्तिले सही तर्क के हो पनि भन्न सक्नु पर्यो।

गत ४ दशकको आर्थिक विकासको गतिलाई मध्यनजर राख्दा घाम जस्तै छर्लंग भइसकेको छ कि नेपालको economic institution हम्मा नै खोट छन्। उक्त पुस्तकको यो निष्कर्षलाई वाहियात हो भनेर पन्छाउन सकिने अवस्था देखिदैन। अतः राजनीतिले आर्थिक संस्थाहरु मजबुत गर्न के कस्तो नीति अख्तियार गर्न जरुरी छ, यसतिर विषद बहस अगाडि बढाउनुपर्छ। सरकारले पनि विज्ञहरुसँग सुझाव लिने र राजनीतिक सहमति निर्माण गरेर अघि बढ्नु उचित हुनेछ।



विजयादशमी धर्म, संस्कृति र राष्ट्रिय चेतनाको पर्व



डा. केदार कार्की

विजयादशमी धर्म संस्कृति र राष्ट्रिय चेतनाको पर्व ।

विजयादशमी केवल धार्मिक पर्व मात्र होइन, नेपाली समाज र राष्ट्रको सांस्कृतिक चेतना, वहादुरी र नयाँ संकल्पको भव्य उत्सव हो । यो केवल एक पर्व मात्र होइन, राष्ट्रिय चेतना, सांस्कृतिक एकता र खराबीमाथि असलको विजयको प्रतीक हो ।

हाम्रो संस्कृतिको सबैभन्दा ठूलो विशेषता यो हो कि यसले जीवनका उत्सवहरूलाई केवल आनन्द र खुशीमा सीमित गर्दैन, बरू तिनीहरूलाई आत्म-चिन्तन, आध्यात्मिक अभ्यास, मूल्यमान्यता र जीवन परिवर्तनको माध्यम बनाउँछ । यहाँका प्रत्येक चाडपर्वहरूले आफैंमा केही शाश्वत सन्देश बोकेका छन् । दशैं, वा विजयादशमी, एउटा यस्तो प्रेरणादायी पर्व हो जसले हाम्रो संस्कृति, आध्यात्मिक परम्परा र जीवन दर्शनको गहिरो जरासँग जोडिएर मानवतालाई सत्य, साहस, सद्गुण र आत्म-विजयको बाटो देखाउँछ । यो पर्व हामीलाई सम्झाउँछ कि जीवनमा साँचो विजय अरूलाई पराजित गर्नुमा होइन, तर हामी भित्रका कमजोरीहरू, विकारहरू र नकारात्मक प्रवृत्तिहरूलाई जित्नुमा निहित छ । असत्यमाथि सत्य, अन्धकारमाथि प्रकाश, निराशामाथि आशा र अधर्ममाथि धार्मिकताको विजयको यो उत्सवले शताब्दीयौँदेखि नेपाली जनतामा नयाँ ऊर्जा, नयाँ विश्वास र नयाँ संकल्प जगाउँदै आएको छ ।

नेपालमा हुने हरेक पर्व धार्मिक आस्थाको अवसर मात्र होइन, समाजलाई नैतिक मूल्यमान्यता, सांस्कृतिक सम्पदा र सामूहिक चेतनासँग जोड्ने माध्यमको रूपमा पनि काम गर्दछ । विजयादशमी एक महत्त्वपूर्ण पर्व हो जसले धर्मको सम्मान, संस्कृतिको निरन्तरता र राष्ट्रिय चेतना जागृत गर्ने सन्देश दिन्छ । रावणको पुत्ला दहन गर्नु बाह्य दुष्टताको अन्त्य मात्र होइन, तर व्यक्ति भित्र लुकेका वासना, क्रोध, लोभ, मोह, अहंकार र आलस्य जस्ता प्रवृत्तिहरूलाई त्याग्ने सन्देश पनि दिन्छ ।

विजयादशमीको पर्व सांस्कृतिक एकताको प्रतीक :

विजयादशमीलाई सांस्कृतिक एकताको प्रतीक मानिन्छ किनकि यो भारतभरि उत्तरदेखि दक्षिण र पूर्वदेखि पश्चिमसम्म विभिन्न रूपहरूमा मनाइन्छ । अधर्ममाथि धर्मको विजयको दशहराको सन्देश सम्पूर्ण राष्ट्रको आध्यात्मिक एकताको प्रतिविम्ब हो । यसबाहेक, यो पर्व अहंकार र अधर्मको प्रतीक रावणमाथि भगवान रामको विजयको प्रतीक हो, जसले अन्ततः सत्यको विजय हुन्छ भनेर सिकाउँछ ।

विजयादशमी धर्म र अधर्म बीचको संघर्षको प्रतीक :

हाम्रो संस्कृति दर्शनमा, धर्म पूजा अभ्यास वा धार्मिक अनुष्ठानहरूमा सीमित छैन ।

धर्मले कर्तव्य, न्याय, सत्य, गरिमा र जनकल्याणको व्यापक अर्थ समेटछ । दशहराको मूल सन्देश धर्मको यस व्यापक बुझाइमा निहित छ । रामायण परम्परा अनुसार, भगवान रामले रावणलाई मारेर अन्याय र अहंकारलाई जिते । त्यस्तै, महिषासुरमाथि

देवी दुर्गाको विजयले शक्ति, साहस र न्यायको स्थापनाको प्रतीक हो । यो परम्पराले हामीलाई अन्याय विरुद्ध लड्न र कमजोर र उत्पीडितहरूको रक्षा गर्न प्रेरित गर्दछ । यस अर्थमा, दशहरा केवल धर्मको विजयको उत्सव मात्र होइन, मानव मर्यादा र न्यायपूर्ण व्यवस्थाको स्थापनाको पनि दिन हो ।

विजयादशमी शक्ति र शस्त्र पूजाको दिन । आश्विन महिनाको शुक्ल पक्षको दशमी दिन मनाइने यो पर्व देवी दुर्गाको शक्तिको पूजा र शस्त्र पूजा (आयुध पूजा) को लागि एक पवित्र अवसर हो ।

विजयादशमी हाम्रो संस्कृतिको जीवन्त उत्सव । विजयादशमी हाम्रो संस्कृतिको समृद्धि, विविधता र जीवन्तताको प्रतीक हो ।

नेपालका विभिन्न क्षेत्रहरूले यो पर्वलाई विभिन्न परम्परा र उत्सवका साथ मनाउँछन् । तराई र मधेसमा रामलीला र रावण दहन प्रमुख विशेषताहरू हुन् । धेरै क्षेत्रहरूमा, दुर्गा पूजाको समापनलाई चिन्हित गर्दै विजयादशमीको विशेष महत्त्व छ ।

काठमाडौँमा विजयादशमी यसको भव्य सांस्कृतिक परम्पराका लागि प्रसिद्ध छ, जबकि धेरै ठाउँमा हतियार पूजा र शस्त्र पूजाको परम्परा पनि प्रचलित छ । दशहरा हाम्रो लोक कला, संगीत, नाटक, शिल्प र सामुदायिक परम्परालाई पनि जीवन्त राख्छ । रामलीलाको मञ्चनले नयाँ पुस्तालाई हाम्रा महाकाव्यहरू, आदर्श पात्रहरू र नैतिक शिक्षाहरूसँग परिचित हुने अवसर प्रदान गर्दछ । यसरी, यो पर्व विगतको सम्पदालाई वर्तमानसँग जोड्ने र भावी पुस्ताहरूमा हस्तान्तरण गर्ने माध्यमको रूपमा काम गर्दछ ।

विजयादशमीले आन्तरिक दुष्टतालाई जलाउँछ:

रावणको पुत्ला दहनले बाह्य दुष्टतालाई मात्र समाप्त गर्दैन, तर व्यक्ति भित्र लुकेका काम, क्रोध, लोभ, मोह, अहंकार र आलस्य जस्ता प्रवृत्तिहरूलाई त्याग्न पनि सन्देश दिन्छ ।

विजयादशमी राष्ट्रिय चेतना जगाउने माध्यम:

राष्ट्रिय चेतना भनेको राष्ट्रप्रति भावनात्मक लगाव मात्र होइन । यसमा देशको सांस्कृतिक सम्पदाको सम्मान, संविधानका मूल्यमान्यताहरूप्रति वफादारी, नागरिक कर्तव्यहरूको पूर्ति र समाजप्रति जिम्मेवारीको भावना पनि समावेश छ । दशहराले यी मूल्यमान्यताहरूलाई सुदृढ पार्न प्रेरित गर्छ । देशको राष्ट्रिय एकता यसको विविध भाषाहरू, धर्महरू, परम्पराहरू र जीवन शैलीहरू बीचको पारस्परिक सम्मानमा आधारित छ । विजयादशमीले यस सांस्कृतिक विविधता भित्र अवस्थित साझा नैतिक मूल्यहरूलाई रेखांकित गर्दछ । सत्य, न्याय, साहस, करुणा र जन कल्याण जस्ता आदर्शहरू कुनै एक समुदायमा सीमित छैनन् तर सम्पूर्ण मानवताका लागि सान्दर्भिक छन् ।

राष्ट्रिय चेतनाको वास्तविक अर्थ भनेको नागरिकहरूले आफ्नो अधिकार र कर्तव्यहरू पनि बुझ्नु हो । राष्ट्रप्रतिको निष्ठा नारा र उत्सवहरूमा मात्र सीमित

हुनुहुँदैन, बरू इमानदारी, अनुशासन, सामाजिक सहयोग र सार्वजनिक सम्पत्तिको संरक्षण जस्ता व्यवहारमा प्रतिविम्बित हुनुपर्छ । यदि हामीले विजयादशमीको अवसरमा हाम्रो जीवनमा यी संकल्पहरू अपनायौं भने, यो पर्व राष्ट्रिय चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

विजयादशमी सामाजिक र सांस्कृतिक एकताको प्रतीक:

देशभर रामलीलाको मञ्चन र दुर्गा विसर्जनसँगै, यो पर्व विविधतामा एकता र सद्भाव बलियो बनाउँछ ।

आध्यात्मिक राष्ट्रवाद र विजयादशमी:

हाम्रो परम्परामा, राष्ट्रलाई केवल भौगोलिक सीमाहरूले मात्र परिभाषित गरिएको छैन; यो भूमि, मानिसहरू, संस्कृति, इतिहास र साझा मूल्यमान्यताहरूसँग गहिरो रूपमा जोडिएको छ । आध्यात्मिक राष्ट्रवादको दृष्टिकोणबाट, देशभक्ति राजनीतिक वा भौतिक उपलब्धिहरूमा मात्र आधारित छैन, तर नैतिकता, आत्म-अनुशासन, सेवा र व्यापक मानव कल्याणमा पनि आधारित छ ।

विजयादशमी कृषि र नयाँ सुरुवातको पर्व:

भारतमा, यो पर्व खरीफ वाली र कृषि समृद्धिको आगमनको प्रतीक पनि हो । ऐतिहासिक रूपमा, राजा, सम्राट र योद्धाहरूले यस दिन आफ्नो नयाँ अभियान सुरू गर्थे ।

विजयादशमी सान्दर्भिक छ:

रावण दहनको परम्परा तब मात्र अर्थपूर्ण हुनेछ जब हामी हाम्रो भित्री अहंकार, क्रोध, लोभ, ईर्ष्या र अन्यायपूर्ण प्रवृत्तिहरूलाई पहिचान गर्न प्रयास गर्छौं । पुतला जलाएर मात्र सामाजिक कुकर्महरू हटाउन सकिँदैन । यस उद्देश्यका लागि शिक्षा, नैतिक जागरूकता, सामाजिक सहभागिता र कानूनको सम्मान आवश्यक छ ।

अन्त्यमा, दशहरा धर्म, संस्कृति र राष्ट्रिय चेतनाको एक भव्य पर्व हो, जसले भारतीय जीवन दर्शनका धेरै महत्त्वपूर्ण आदर्शहरूलाई एकतावद्ध गर्दछ । यसले धर्म मार्फत कर्तव्य र न्यायको भावना जगाउँछ, संस्कृति मार्फत हाम्रो ऐतिहासिक र सामूहिक स्मृतिलाई संरक्षण गर्दछ, र राष्ट्रिय चेतना मार्फत राष्ट्र निर्माणको लागि जिम्मेवारी जगाउँछ । विजयादशमीको वास्तविक विजय तब हुनेछ जब हाम्रो आचरणमा सत्य, हाम्रो व्यवहारमा संस्कृति, हाम्रो कर्तव्यमा धर्म र हाम्रो सार्वजनिक सेवाको कार्यमा देशभक्ति प्रतिविम्बित हुन्छ । आवश्यकता यो छ कि हामीले यो पर्वलाई परम्परालाई कायम राख्ने अवसर मात्र नभई सामाजिक परिवर्तनको लागि आत्मनिरीक्षण र संकल्पको दिन पनि मान्नुपर्दछ । जब व्यक्तिहरूले आफू भित्रका खराबीहरूलाई जित्छन् तब मात्र समाज सशक्त हुनेछ र राष्ट्रको प्रगतिले जग पाउनेछ । यो दशहराको आत्मा हो: सांस्कृतिक मर्यादा र राष्ट्रिय प्रासंगिकता ।

अन्ततः, विजयादशमी बाह्य विजयको सट्टा आन्तरिक जागरणको पर्व हो । यसले हामीलाई आफू भित्रको ज्योति प्रज्वलित गर्न, निराशाको बीचमा आशा खोज्न, प्रतिकूलताको सामना गर्न साहस कायम राख्न र जीवनलाई नयाँ दिशा दिन सिकाउँछ । यो विजयादशमीमा, हामी रावणको पुत्ला जलाउनमा मात्र सीमित नहोऔं, बरू आफू भित्रको अहंकार, स्वार्थ, झूट र कमजोरीहरूलाई उन्मूलन गर्ने संकल्प गरौं ।

सत्यलाई हाम्रो जग, बुद्धिलाई हाम्रो मार्गदर्शक, करूणालाई हाम्रो प्रकृति र कार्यलाई हाम्रो अभ्यास बनाऔं । यो हाम्रो संस्कृतिको आध्यात्मिक सम्पदाको सम्मान हो, यो पर्वको महत्त्व हो, र यो त्यो विजय हो जसले व्यक्तिगत जीवनलाई उज्यालो बनाउन सक्छ र परिवार, समाज र राष्ट्रमा नयाँ चेतना जगाउन सक्छ । किनकि साँचो दशहरा त्यो हो जब रावणलाई युद्धभूमिमा मात्र होइन हृदयमा पनि जलाइन्छ, विजयको उत्सव आतिशबाजीमा मात्र होइन तर आचरणमा पनि देखिन्छ, र प्रकाश वत्तीहरूमा मात्र होइन हाम्रो विचार, मूल्यमान्यता र कार्यहरूमा पनि प्रकट हुन्छ ।

बदलिँदो संसारमा असान्दर्भिक बन्दै गइरहेको संयुक्त राष्ट्रसंघ

दोस्रो विश्वयुद्धको समयमा अन्तर्राष्ट्रिय प्रणालीलाई अझ समतामूलक र न्यायपूर्ण बनाउन नयाँ संस्था स्थापना गर्ने विचार देखा पऱ्यो । यो पहिलो पटक सार्वजनिक रूपमा पाँच राष्ट्रमण्डल सदस्यहरू र आठ युरोपेली निर्वासित सरकारहरूद्वारा जुन १२, १९४१ मा लन्डनमा हस्ताक्षर गरिएको मित्रताको घोषणापत्रमा व्यक्त गरिएको थियो । त्यो घोषणापत्रले मानिसहरू शान्ति र सुरक्षामा, डरमुक्त भएर बाँच्न सक्ने र निजीकरण र आर्थिक सहयोगको बाटो खोज्न सक्ने स्वतन्त्र संसारतर्फ काम गर्न आह्वान गरेको थियो । त्यसपछि, १९४४ मा, सोभियत संघ, अमेरिका, चीन र बेलायतका प्रतिनिधिहरूद्वारा वाशिंगटनको डम्बर्टन ओक्स इस्टेटमा आयोजित धेरै बैठकहरू पछि, शान्ति स्थापना गर्ने विश्वव्यापी संस्थाको निर्माणको लागि एक रूपरेखा तयार पारिएको थियो । यसैको आधारमा सन् १९४५ मा ५० देशका प्रतिनिधिहरू बीच वार्ता भएको थियो र २६ जुन १९४५ मा सबै ५० देशहरूले बडापत्रमा हस्ताक्षर गरेपछि यो बडापत्र २४ अक्टोबर १९४५ बाट लागू भयो । त्यसबेलादेखि अक्टोबर २४ मा संयुक्त राष्ट्र दिवस मनाउन थालियो ।

अन्तर्राष्ट्रिय द्वन्द्वहरूमा हस्तक्षेप गर्ने उद्देश्यले स्थापित संयुक्त राष्ट्र संघलाई यस्तो अधिकार दिइएको थियो कि यसले विश्व शान्ति कायम राख्न आफ्ना सदस्य राष्ट्रहरूको सेनालाई जहाँसुकै पनि तैनाथ गर्न सक्थ्यो । स्थापना भएदेखि नै धेरै देशहरू संयुक्त राष्ट्र संघमा सामेल भएका छन् र ५० सदस्यहरूबाट सुरू भएको यो विश्वव्यापी संस्थामा अहिले १९३ सदस्य छन् । सुरक्षा परिषदका सबैभन्दा शक्तिशाली देशहरू संयुक्त राज्य अमेरिका, फ्रान्स, रूस र संयुक्त अधिराज्य थिए, जसले दोस्रो विश्वयुद्धमा प्रमुख भूमिका खेलेका थिए । संयुक्त राष्ट्र संघका मुख्य उद्देश्यहरूमा युद्ध रोक्ने, मानव अधिकारको संरक्षण गर्ने, सबै देशहरू बीच मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्ने, अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयनका लागि संयन्त्रहरू एकीकृत गर्ने, सामाजिक र आर्थिक विकास गर्ने, गरिब र भोकाहरूलाई सहयोग गर्ने, उनीहरूको जीवनस्तर सुधार गर्ने र रोगसँग लड्ने समावेश छन् । यी उद्देश्यहरू पूरा गर्न १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुमोदन गरिएको थियो ।

विडम्बनाको कुरा, संयुक्त राष्ट्र संघको स्थापना भएको ८१ वर्षमा यो विश्वव्यापी संस्थाले विस्तारै आफ्नो प्रासंगिकता गुमाएको छ । वास्तवमा, विगत ८१ वर्षदेखि अन्तर्राष्ट्रिय व्यापार, अर्थतन्त्र, हतियार, मिडिया, समाज, मुद्रा र समाजसँग सम्बन्धित सबै नीतिहरू यसका पाँच स्थायी सदस्य देशहरू बेलायत, अमेरिका, चीन, रूस र फ्रान्सको राष्ट्रिय हित अनुसार निर्धारण गरिएको छ, जसका कारण भारत बाहेक जापान, जर्मनी, अष्ट्रेलिया, इजरायल, दक्षिण कोरिया, ब्राजिल, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स जस्ता धेरै देशहरूले यस्ता नीतिहरूको परिणाम भोग्नु परेको छ, जसले संयुक्त राष्ट्र संघको महासभाको स्थायी सदस्यताको लागि सबै मापदण्डहरू पूरा गरे पनि दशकौंदेखि सुरक्षा परिषदको स्थायी सदस्य बन्ने प्रयासमा छन् ।

संयुक्त राष्ट्र संघको स्थापना पछिको आठ दशकमा, विश्वको रणनीतिक र आर्थिक गतिशीलतामा गहिरो परिवर्तन आएको छ । यति लामो समय र विश्वव्यापी गतिशीलतामा गहिरो परिवर्तनको बावजुद, भिटो शक्ति भएका पाँच स्थायी सदस्यहरू मध्ये कुनै पनि आफ्नो भिटो शक्ति र स्थायी सीटहरू त्याग्न इच्छुक छैनन् । स्थायी सदस्यहरूको संख्या विस्तार गर्ने बारेमा संयुक्त राष्ट्र संघ भित्र सहमति भए पनि, चीन, विशेष गरी एसियाबाट, विभिन्न कारणहरूले गर्दा स्थायी सदस्यताका लागि दुई दावेदारहरू (भारत र जापान) लाई स्वीकार गर्न इच्छुक छैन ।

त्यही चीन जसलाई भारतले सुरक्षा परिषदमा आफ्नो स्थायी सीटलाई मान्यता दिन पहल गरेको थियो र सिद्धान्ततः स्वीकार गर्न अस्वीकार गरेको थियो, अब स्थायी सदस्यताको लागि भारतको बाटोमा बाधा छ । यो चीनको भिटो शक्ति हो जसले भारतलाई सुरक्षा परिषदको स्थायी सदस्य वन्चाट रोक्छ ।

संयुक्त राष्ट्र संघको सबैभन्दा ठूलो कमजोरी भनेको संयुक्त राष्ट्र संघको महासभाले पारित गरेका प्रस्तावहरू बाध्यकारी हुँदैनन् । आश्चर्यजनक कुरा के छ भने, महासभाका १९३ सदस्य राष्ट्रहरूले पारित गरेका प्रस्तावहरू पनि सुरक्षा परिषद्का पाँच स्थायी सदस्यहरूको सहमतिमा निर्भर हुन्छन् । त्यसैले, धेरै देशहरूले धेरै वर्षदेखि सुधारको माग गर्दै आएका छन् । संयुक्त राष्ट्र सुरक्षा परिषद्को स्थायी सदस्यताको लागि भारतको दावीको बकालत गर्दै, प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ शक्तिहरूलाई केन्द्रीय भूमिकामा ल्याए बिना, विश्वको सबैभन्दा ठूलो निकायले आफ्नो अपेक्षाहरू पूरा गर्न असफल हुने बताएका छन् । धेरै देशहरूले बारम्बार संयुक्त राष्ट्र संघको संरचना पुरानो भएको र यसको स्थापनाको समयमा अवस्थित परिस्थितिहरू अब पुरानो भएको बताएका छन् । यो संस्थाले समयमै सुधारलागू गर्दैन भने, यो महत्वहीन हुनेछ ।

चाहे त्यो रूस-युक्रेन युद्ध होस्, इजरायल-प्यालेस्टाइन युद्ध होस्, वा अमेरिका-इरान युद्ध होस्, दुवै पक्षका हजारौं निर्दोष मानिसहरू मारिएका छन्, हजारौं परिवारहरू उखेलिएका छन्, लाखौं बसाईसराइको त्रासदीसँग जुधिरहेका छन्, र शहरहरू भग्नावशेषमा परिणत भइरहेका छन्, तैपनि संयुक्त राष्ट्र संघले यी द्वन्द्वहरूलाई रोक्न केही गर्न सकेको छैन । त्यसकारण, युद्धहरू रोक्न संयुक्त राष्ट्र संघले ठोस योजनाहरू कार्यान्वयन गर्नु पर्ने आवश्यकता बढ्दै गएको छ । यो विश्वव्यापी संस्था शान्ति र स्थिरता कायम राख्ने एकमात्र उद्देश्यका साथ स्थापित भएको थियो, तर यो चिन्ताजनक छ कि यी युद्धहरूमा यसको निष्क्रियताले सम्पूर्ण मानव सभ्यतालाई असर गरिरहेको छ । यी बढ्दो भयानक युद्धहरूले संसारलाई दुई गुटमा विभाजित गरिरहेका छन्, र अधिकांश संयुक्त राष्ट्र सदस्य राष्ट्रहरू अब केवल वक्तव्यहरू जारी गरिरहेका छन् । यद्यपि, यदि संयुक्त राष्ट्र संघको पुनर्संरचनाको प्रक्रिया अगाडि बढेन भने, यो संस्थाले भविष्यमा आफ्नो महत्त्व गुमाउनेछ ।

संयुक्त राष्ट्र संघको सबैभन्दा ठूलो कमजोरी यसको सुरक्षा परिषदको संरचनामा छ । अमेरिका, रूस, चीन, फ्रान्स र बेलायतले उपभोग गर्ने भिटो शक्तिले प्रायः विश्वव्यापी शान्तिलाई अगाडि बढाउनुभन्दा आफ्नो राष्ट्रिय हितको रक्षा गर्न बढी काम गर्छ । जब भूराजनीतिक प्रतिद्वन्द्वितले युद्ध वा मानवीय त्रासदीमा प्रभावकारी निर्णय लिनवाट रोक्छ, संयुक्त राष्ट्र संघको घोषणापत्र र अपीलहरूले आफ्नो नैतिक शक्ति गुमाउँछन् । गाजा, युक्रेन र सिरियामा भएका द्वन्द्वहरूले विश्व शान्ति कायम राख्ने जिम्मेवारी पाएको संस्था साँच्चै निर्णायक भूमिका खेल्न सक्षम छ कि छैन भन्ने प्रश्नलाई तीखो बनाएको छ । विडम्बनाको कुरा, संसार परिवर्तन भएको छ, तर संयुक्त राष्ट्र संघको निर्णय लिने कार्य धेरै हदसम्म पुरानो शक्ति सन्तुलनमा बाँधिएको छ ।

संयुक्त राष्ट्र संघले सामना गरिरहेको अर्को प्रमुख चुनौती प्रतिनिधित्वको असमानता हो । भारत, अफ्रिका र ल्याटिन अमेरिका जस्ता क्षेत्रहरूको बढ्दो विश्वव्यापी भूमिकाको बावजुद, सुरक्षा परिषद्को स्थायी सदस्यता र भिटो प्रणालीमा व्यापक सुधार भएको छैन । विश्वको वर्तमान राजनीतिक, आर्थिक र जनसांख्यिकीय वास्तविकतालाई प्रतिविम्बित गर्ने प्रणाली बिना, संयुक्त राष्ट्र संघलाई अझ लोकतान्त्रिक र प्रतिनिधि बनाउन गाह्रो छ । आतंकवाद विरुद्ध साझा रणनीतिलाई प्राथमिकता दिनु, प्रभावकारी युद्धविराम, मानवीय सहायतामा निर्बाध पहुँच र अन्तर्राष्ट्रिय कानूनको समान पालनालाई पनि प्राथमिकता दिनुपर्छ । संयुक्त राष्ट्र संघ दिवसमा आत्मनिरीक्षणको वास्तविक अर्थ केवल यसका उपलब्धिहरूको प्रशंसा गर्नु मात्र होइन, तर यसका कमजोरीहरूलाई स्वीकार गर्नु र सुधार गर्ने संकल्प गर्नु हो । संस्थाले आफ्ना निर्णयहरूमा पारदर्शिता, प्रतिवेदनहरूमा तथ्यात्मक शुद्धता, अधिकारीहरूको जवाफदेहिता र सबै देशहरूप्रति निष्पक्षता सुनिश्चित गर्नुपर्छ । भिटो शक्तिको दुरूपयोग रोक्न, सुरक्षा परिषद् विस्तार गर्न र आतंकवाद विरूद्धको दोहोरो मापदण्ड हटाउन ठोस पहल गर्नुपर्छ । संयुक्त राष्ट्र दिवसको सान्दर्भिकता र जिम्मेवारी पहिलेभन्दा बढी बढेको छ । यो दिनले अन्तर्राष्ट्रिय संस्थाको स्थापनाको सम्झना मात्र गर्दैन, तर विश्व शान्ति, सहअस्तित्व, मानवीय मर्यादा र विश्वव्यापी सहयोगप्रतिको हाम्रो प्रतिवद्धतालाई पुनः पुष्टि गर्ने अवसर पनि प्रदान गर्दछ ।


संयुक्त राष्ट्र संघले यो शक्तिशाली राष्ट्रहरूको हितको संरक्षक होइन, तर सम्पूर्ण मानवताको न्याय र सुरक्षाको संरक्षक हो भनेर प्रमाणित गर्नुपर्छ । यसको वास्तविक जिम्मेवारी युद्ध रोक्नु, आतंकवादलाई नियन्त्रण गर्नु र शान्तिको मार्ग प्रशस्त गर्नु हो । संयुक्त राष्ट्र संघको उद्देश्य विश्वलाई युद्ध, अन्याय र विनाशबाट बचाउन मद्दत गर्नु हो । यसको प्रतिष्ठा केवल यसको घोषणापत्रहरूद्वारा मात्र होइन, तर संकटको समयमा यसको निष्पक्ष र प्रभावकारी कार्यहरूद्वारा निर्धारण गरिनेछ । अक्टोबर २४ को सन्देश तब मात्र अर्थपूर्ण हुनेछ जब यो संस्था आफ्नो मौलिक भावनामा फर्कन्छ र शक्तिशाली र कमजोर, साना र ठूला सबै राष्ट्रहरूका लागि समान न्यायको लागि विश्वसनीय प्लेटफर्म बन्छ ।

संयुक्त राष्ट्र संघमा पूर्वाग्रहबाट मुक्ति, जवाफदेहिता र आमूल सुधारहरू अब विकल्प नभई आवश्यक छन् ।

अक्टोबर २४, १९४५ मा संयुक्त राष्ट्र संघको बडापत्र लागू भएपछि, विश्वले युद्धभन्दा संवाद, द्वन्द्वभन्दा सहयोग र शक्तिभन्दा न्यायलाई प्राथमिकता दिने प्रणालीको आशा गरेको थियो । यद्यपि, आज, विश्व धेरै युद्धहरू, आतंकवाद, भूराजनीतिक प्रतिद्वन्द्विता र मानवीय संकटहरूसँग जुधिरहेको वेला, संयुक्त राष्ट्र संघको भूमिका, निष्पक्षता र प्रभावकारिताको बारेमा गम्भीर प्रश्नहरू उठिरहेका छन् । विश्व समुदायले न्यायको अपेक्षा गरेको संस्थाको कार्यप्रणाली जाँचको दायरामा आउँदा, आत्मनिरीक्षण अनिवार्य हुन्छ । संयुक्त राष्ट्र संघको उपलब्धिहरूलाई अस्वीकार गर्नु अन्यायपूर्ण हुनेछ । यसले अन्तर्राष्ट्रिय संवादको लागि साझा मञ्च प्रदान गऱ्यो, मानव अधिकारको विश्वव्यापी घोषणापत्र मार्फत मानव मर्यादाको विश्वव्यापी मापदण्ड स्थापित गऱ्यो, र शान्ति स्थापना कार्यहरू मार्फत धेरै देशहरूमा स्थिरता पुनर्स्थापित गर्ने प्रयास गऱ्यो । यसका विभिन्न एजेन्सीहरूले विश्वव्यापी स्वास्थ्य, बाल कल्याण, शिक्षा, शरणार्थी सहायता र दिगो विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । तैपनि, प्रश्न बाँकी छ: के ष्ट्र संघले जिम्मेवारीहरू पूरा गर्न सफलता हासिल गरेको छ: युद्ध रोक्ने, आतंकवादलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने र सबै राष्ट्रहरूलाई समान व्यवहार गर्ने ? यस प्रश्नको सन्तोषजनक उत्तर प्रदान गर्दैन ।

- डा.केदार कार्की

Truth, Conscience, and the Future of Nepal



Poverty can push people toward unethical behavior, selfishness, greed, and corruption. Poor nations are therefore particularly vulnerable to corruption, instability, and external pressure. Yet the most destructive danger in underdeveloped countries is often less visible: intellectual dishonesty—using knowledge and intelligence for personal gain rather than society's welfare.

This gradually weakens morality, distorts truth, and undermines sound judgment. In Nepal, intellectual dishonesty has taken deep root in politics, education, the media, and social life. Consequently, even when resources and goodwill are available, genuine progress remains difficult, and the country continues to struggle with corruption.

What Is Intellectual Dishonesty¿

Intellectual dishonesty is more than telling lies. It involves deliberately distorting, manipulating, or concealing the truth to gain personally or achieve specific objectives. It includes misusing facts, compromising ethical principles, and manipulating knowledge to justify injustice.

Material corruption steals money and resources, but intellectual dishonesty destroys truth and morality, ultimately damaging society itself. When leaders, scholars, journalists, and civic figures become intellectually dishonest, the foundations of a just society begin to crumble.

Nepal, rich in natural beauty, faith, and cultural heritage, continues to suffer from corrupt governance. Many intellectual manipulators deliver impressive speeches, but their actions contradict their words. This becomes evident when we compare political leaders' public statements and promises with their actual conduct. In such an environment, honest individuals and good ideas often fail, while wrongdoers frequently prosper.

Political Change and Our History

Nepal's modern political history is marked by changes that initially raised hopes but ultimately brought disappointment. From monarchy to multiparty democracy and eventually a federal republic, each political era promised good governance and prosperity. Yet misgovernance persisted, national development remained inadequate, and ordinary people's living standards did not improve enough.

In 1959, when Nepal's first elected democratic government took office under B. P. Koirala, people believed a new era had begun. However, political tensions escalated as party interests increasingly overshadowed democratic values. In 1960, King Mahendra dissolved Parliament, accusing the government of corruption and incompetence. Claiming that his action was necessary to save the nation, he received support from many intellectuals.

The Panchayat system that followed lasted thirty years, sustained not only by force but also by support from sections of the bureaucracy, intellectual community, political circles, and media. The era also laid the foundation for certain aspects of national development.

I remember those days clearly. Many people publicly praised the system. Yet after the People's Movement of 1990, some of those same individuals readily presented themselves as supporters of multiparty democracy. This reflected the Nepali proverb that devotion follows power.

A similar pattern emerged after the monarchy was abolished in 2008. Some former royalists became enthusiastic supporters of republicanism. Political labels changed—democratic, federal, or republican—but many people's mentality and behavior remained largely unchanged.

Governments promised transparency while expanding networks of nepotism, favoritism, family connections, and partisan interests. Parties proclaimed national unity but concentrated on electoral alliances and power-sharing. Instead of a democracy genuinely serving the people, a system dominated by parties and their leaders emerged.

Intellectual dishonesty helped sustain this situation: educated individuals often avoided speaking truth to power when doing so threatened their interests. Many lacked the courage to call right right and wrong wrong. As a result, a small group of leaders and their associates exploited the country and its people for decades. Good Governance in Words, Misgovernance in Practice

Leaders speak of sacrifice but pursue self-interest. They repeatedly invoke the people's name while using the authority entrusted to them for personal or partisan advantage rather than public welfare.

Scandals involving fake Bhutanese refugee arrangements, cooperative financial fraud, and the misuse of development funds reveal how corruption can operate through networks connecting politicians, bureaucrats, lawyers, and business interests.

The problem extends beyond committing wrongdoing. Efforts are also made to conceal, justify, or minimize misconduct so that those responsible can escape serious punishment. Thus, while leaders promise good governance, their actions perpetuate misgovernance.

Intellectual Dishonesty in Society

Intellectual dishonesty is not confined to political and social elites; it also affects everyday life. Nepalis speak of truth and righteousness, yet dishonesty is sometimes accepted as a means of survival.

Some businesspeople evade taxes and consider it cleverness. Some public officials delay services until they receive informal payments. Even journalists, whose responsibility is to report truthfully, sometimes distort facts for personal gain.

Religion can also become entangled with hypocrisy. Temples fill with worshippers, and religious sermons abound, yet ethical conduct in public life remains weak. When virtue is mocked and deception rewarded, society gradually loses its moral direction.

Intellectual Dishonesty and Moral Decline

The greatest danger of intellectual dishonesty is moral decay. When truth loses its value, justice, rights, and patriotism become negotiable.

Many leaders, whether democratic, communist, socialist, or monarchist, appear to resemble the tyrannical figures Ravana and Kansa from our religious epics. Some of their followers display similar attitudes. For decades, many believed powerful leaders would never lose influence and that citizens would keep trusting their deceptive promises. With limited alternatives, people often tolerated injustice and exploitation.

Although I have spoken and written against these wrongs for years, low public awareness has sometimes discouraged me. I began to fear that meaningful change might never come.

In my article "Nepal: Beauty, Suffering, and an Unanswered Mystery," published in People's Review on February 26, 2026, I wrote:

"Despite corruption, injustice, and repeated betrayals, people may again place their trust—and their votes—in the same forces that have led them toward decline."

Public Awareness and Awakening

For a long time, I felt helpless watching people remain largely silent in the face of injustice and oppression. My conscience tells me that Nepal's suffering results not simply from a lack of policies but from a lack of integrity. Laws and institutions cannot deliver their intended benefits when those responsible for implementing them lack honesty and conscience.

However, the honesty, intelligence, and moral courage voters demonstrated in the last general election have greatly encouraged me. I believe Nepal is experiencing an intellectual awakening.

I congratulate those citizens who voted according to their conscience and rejected dishonesty and misconduct. I also hope the leaders and parties now in power will honor the people's trust and serve the nation faithfully, rather than betray it as many politicians have in the past.

Integrity and Our Future

National transformation begins with personal integrity. Nepal's future depends not only on elections or economic policies but also on whether citizens, particularly educated and influential individuals, choose truth over personal convenience and integrity over selfish interests.

History shows that nations decline not only because of corrupt leaders but also because too many honest people remain silent.

Nepal's renaissance will begin when people speak the truth fearlessly, and integrity outweighs the power of position. If honesty guides public life, the country's extraordinary beauty, intelligence, and spiritual heritage can become the foundation of a just, dignified, and hopeful nation rather than a painful contrast to its politics.

Ultimately, Nepal's future will depend not on slogans and promises but on the courage to place truth above deception and conscience above convenience.

If citizens remain vigilant, those elected to power will remember they serve the people, not their masters. Only then can national progress accelerate. Otherwise, prime ministers, ministers, and other leaders may once again behave like the tyrants Ravana and Kansa. I hope our people understand this now.

Email: narayanshanti70@gmail.com

About the Author: A senior citizen, the author of several books and articles in English and Nepali, and a retired official of Tribhuvan University, Nepal.

NC 15th convention underway



Water is a right, not a weapon

Syed Mohammad Ali



In January, United Nations researchers issued a stark warning: the world has moved beyond a water crisis and into a state of "global water bankruptcy". This warning was issued via a new flagship report from the United Nations University Institute for Water, Environment and Health, which also pointed out how decades of overuse and environmental degradation have pushed many rivers, aquifers, lakes, wetlands and glaciers into a post-crisis condition from which their historical 'normal' may no longer be recoverable.

Such a warning could hardly be timelier. Water is becoming increasingly entangled with geopolitics and conflict. In the ongoing US-Israeli war with Iran, attacks on critical infrastructure have highlighted the vulnerability of desalination facilities that supply drinking water to millions across the Gulf. When water infrastructure becomes part of a military confrontation, the consequences extend far beyond the battlefield.

But direct military conflict is not the only danger. Even the mismanagement of water can deepen existing political and social tensions. The Nile has become a source of prolonged tension between Egypt, Sudan and Ethiopia over the Grand Ethiopian Renaissance Dam. Environmental degradation around Lake Chad has intensified competition over scarce resources between pastoral and agricultural communities, and enabled Boko Haram to exploit weak governance and socioeconomic marginalisation to increase its influence.

The UN has thus aptly emphasised that water can be a driver of conflict, a weapon of conflict or a casualty of conflict. Conversely, however, water sharing can also serve as a basis for cooperation. It is in this latter context that the militarisation of the Indus river system needs to be understood. India's decision in 2025 to place the Indus Waters Treaty in "abeyance" disrupted a framework that survived several wars and decades of political hostility. While this treaty has several flaws which need to be addressed, suspending a treaty which enables institutional cooperation at a time of accelerating climate stress is especially dangerous.

Climate change is transforming the Himalayan rivers, and the Indus basin is already under immense pressure from rising temperatures, changing precipitation patterns and shifts in snow and glacial melt. The Indus is not simply a river divided between two hostile states. It is part of a rapidly changing cryosphere. Understanding these changes requires continuous scientific observation, hydrological data and cooperation across borders. Yet the deterioration of Indo-Pak relations threatens precisely the mechanisms that could make such knowledge possible.

Whatever disagreements India and Pakistan have over dams, allocations or security, they share a basic interest in knowing what is happening to the rivers and aquifers on which hundreds of millions depend. That means restoring regular hydrological data exchange and creating mechanisms for joint or independently verified monitoring of shared natural resources to better contend with climate impacts.

Moreover, for lower riparian countries such as Pakistan, the problem is not simply that there is too little water. Much of the water available is used inefficiently and distributed inequitably, while investment in drinking water, sewerage and sanitation remains far too weak. A country can therefore have a water-security crisis even while enormous volumes of water continue to flow through its rivers and irrigation systems.

Achieving water security cannot mean only building more dams or trying to control rivers. It must also mean using water efficiently, allocating it fairly, protecting aquifers and watersheds and ensuring that ordinary citizens have reliable access to safe water. Pakistan need not wait for India to restore the Indus Waters Treaty before undertaking these domestic measures. TET



पूर्वीय सभ्यताचको यथार्थता
हामी पौरस्त्य महान्



डा.शास्त्रदत्त पन्त



१. वेद भनेको ज्ञान हो । ज्ञान कहिल्यै मर्दैन । विश्वब्रह्माण्डको विनाश भए पनि ज्ञान परमात्मामा लय हुन्छ । त्यसैले अक्षर भनिएको हो । वेदले भन्छ - पृथ्वी लगायत जब विश्वब्रह्माण्ड पनि थिएन त्यस बेला सत थिएन, असत पनि थिएन । रात थिएन दिन पनि थिएन । आकाश थिएन, अन्तरिक्ष पनि थिएन । जल थिएन, वायु पनि थिएन । अतल अटल थिएन । आज जे सादृश छ त्यसको कर्ता वा अकर्ता को हो कसैलाई थाहा छैन । केही थिएन, शून्य थियो, वेदज्ञानमात्र थियो । त्यो शून्य थियो । शून्यमा ब्रह्माण्ड रचियो, तिनम अनेक प्राणी रचियो । प्राणीको पद्धति रचियो । त्यो पद्धतिवाट प्राणी सञ्चालन पद्धति बनाइयो । त्यो पद्धति वेद हो, वेद प्राणीमात्रको साझा संविधान हो । विश्वब्रह्माण्डको रचनाकारले वेदका सूत्र अन्तरिक्षमा राखिदियो । ब्रह्मज्ञाता ऋषिमहर्षिहरूले एक एक गरेर टिपे, नियाले, सङ्कलन गरे र वाङ्मय ठेली बनाए । त्यही वेद हो धर्मको आधार ।

२. हामी वसेको ब्रह्माण्डको सृष्टि भएपछि कति प्रलय भए कति रचिए थाहा छैन । त्यो नै नेतिनेति हो । हामी वसेको पृथ्वीको पछिल्लो विकासक्रम र यहाँ सृजिएका प्राणीको पछिल्लो विकासक्रम र पछिल्लो सभ्यतामा हामी वाँचिरहेका छौं । यो सृष्टि भएको विक्रम संवत् २०७५ सालमा १ अर्व ९५ करोड ५९ लाख ८५ हजार ११९ पृथ्वीवर्ष भएको छ । यसमा चार युग सत्य, वेता, द्वापर र कली भए । १४ मनु र मन्वन्तर भए । हामी चार कालमध्ये कलियुगको पछिल्लो सभ्यतामा वाँचिरहेका छौं । कलिको पनि ५११९ पृथ्वीवर्ष वितिसकेको छ । उक्त चारै युगका ज्ञान विज्ञानका विकासका चिह्नहरू आज पनि कायम छन् । यी कालमा हामीले बनाएका केही तथ्य यहाँ प्रस्तुत गरिन्छ । सत्यमा श्रीविष्णुको नेतृत्वमा भएका घटना र विकास, त्रेतामा श्रीरामको नेतृत्वमा भएका कुरा, द्वापरमा श्रीकृष्ण र कलियुगमा आम मानिसले ज्ञान विज्ञानको लोभलाग्दा विकास भएका छन् । यसपूर्व पनि प्रलयमहाप्रलय भएका हुन सक्छन्, अनेक खाले सभ्यताको निर्माण र विनाश भएका हुन सक्छन् । तर यी सबैको ज्ञान हामीमा छैन । परब्रम्प परमेश्वर, वेद, धर्म दर्शनले त्यसको सम्भावनालाई झकझल्काएको पाइन्छ ।

३. हामी कति महान् थियौं भन्ने कुरा हामीले भनिरहनु पर्दैन । हाम्रो धर्म संस्कृति मास्न आएको वेलायती शिक्षाविद् लर्ड मेकालेले भनेको कुरानै पर्याप्त छ । लर्ड मेकालेको फेब्रुअरी २, सन् १८३५ मा वेलायती संसदमा प्रस्तुत र पारित नीतिअनुसार[a] आज पनि यो काम भएको छ । मेकालेले पारित गराएको प्रस्तावमा भनिएको छ :

"मैले भारत देशको कुनाकुना चहारेको छु । मैले कहीं पनि एउटा मागने मानिस पनि भेटिनँ । मैले यस देशको नैतिकताको मूल्य (मोरल भ्यालू) यति माथि उठेको पाएँ कि त्योभन्दा माथि उठ्नै सक्दैन । जनतामा यति धेरै आत्मशक्ति छ (क्यालिवर) छ, काबिल छन् कि हामी यो देशलाई उपनिवेश बनाउन सफल हुनेछौं भनेर कल्पना नै नगरे पनि हुन्छ । अँ, एउटा उपाय छ, यदि उनीहरूको अध्यात्म चिन्तन र संस्कार संस्कृति सम्पदाको ढाड भाँच्न सक्ने हो भने त्यो सम्भव छ । त्यस कारण म यस सम्माननीय सदनमा के प्रस्ताव राख्दछु भने :

ख *त्यहाँको पौरस्त्य शिक्षा पद्धतिलाई बदलिदिऊँ,*

ख *त्यहाँको धर्म संस्कृतिलाई भत्काइदिऊँ,*

ख *त्यहाँका जनतालाई वेलायती वा विदेशीका सबै कुरा उनीहरूका आफ्नाभन्दा राम्रा छन् भनेर मानसिक परिवर्तन गराइदिऊँ ।*

त्यसपछि उनीहरूले :

य *ममत्व र स्वाभिमानलाई गुमाउनेछन्,*

य *आफ्ना पद्धति, संस्कार र संस्कृति गुमाउनेछन्,*

य *अनि हामीले जे अह्राउँदछौं त्यही-त्यही मान्नेछन्, र*

य *सदा हाम्रा औपनिवेशिक, अधीनस्थ जनता हुनेछन् ।"*

नेपालमा यतिखेर भएको धर्म निरपेक्षताको घोषणा त्यसैको परिणति हो । धर्मलाई बचाएर मानवत्व बचाउनुको साटो विश्वका १८० करोड हिन्दुलाई अल्पाइयो ।

४. राजसंस्था बारेको विकासवादी मत पश्चिमी हो । त्यस अनुसार मानिस बाँदरको सन्तान हो । त्यो विकसित हुँदै भुन्ड, चरन कबिला आदि हुँदै आजको अवस्थामा आएको भनिन्छ । भुन्डनाइके, मुखिया, राजा, महाराजा, सम्राट, वादशाह, भगवान्को दूत आदिमा गनिएको हो । वैदिक धर्मले यो दर्शनलाई गलत मान्दछ । पश्चिमाको डार्विनवाद र भौतिक उपभोक्तावादी सोच वैदिक समाजवादी तथा आध्यात्मिक ज्ञानको प्रतिकूल छ । औपनिवेशिक वलको आधारमा पश्चिमाले वैदिक गुरुकुलीय, ज्ञानयुक्त पिंडी शिक्षा उन्मूलन गरेर भौतिक उपभोक्तावादी मेकाउलियन पद्धति थोपरे । नेपाल र भारतका सबै विद्वान्, नेता आज पनि त्यही शिक्षाले ग्रसित छन्, त्यसकै अन्धभक्त छन् ।

" I have travelled across the leangth and breadth

of India and I have not seen one person who is a begger, who is a thief, such wealth I have seen in this country, such as high moral value, people of such calibre, that I do not think we would ever conquer this country, unless we break the very back-bone of this nation, which is her spiritual and cultural heritage, and, therefore, I propose that we replace her old and ancient education system, her culture, for if the Indians think that

all that is foreign and English is good and greater than their own, they will loose their selfsteem, their native culture and they will become what we want them, a truly dominated naton"

(Lord Macaulays address to the British Parliament 2 Feb. 1835)

फ्रान्स युद्धको संक्षिप्त चित्र



सुरेशकुमार पाण्डे

युरोपमा रहेको देशमध्य एउटा देश हो फ्रान्स ।वामपन्थि राजनीतिमा उतकृष्ट दुनियाँको पहिलो कम्युन क्रान्तिकारीहरूले सत्तापल्ट गरेको पुँजिपतीको हातबाट श्रमजिविले सत्ता खोस्न सफल भएको राष्ट्र पनि हो ।यद्यपि त्यो पुनःपुजिपतिले खोसेका थिए । अहिलेको अवस्था कम्युनिजम माथी लगातार प्रतिकृयावादी जाई लागेको र कम्युनिष्ट विश्वमै रक्षात्मक भएको अवस्थामा फ्रांसको विद्रोहले विशेष महत्व राख्छ ।

इतिहासमा युद्धको भारि बोकेको फ्रांसमा परायजसो युद्धहरू हुदै आएका हुन्छन् । अहिले ३१अश्विन २०८३ शनिवार विरोध प्रदर्शनले फेरी एकपट सिङ्गो फ्रांसलाई हल्याइ दिएको छ । त्यहाँ बढ्दै गएको महंगी, असमानता, र सार्वजनिक सेवाहरूमा हुँदै आएको कटौतीको विरूद्धमा भएको विरोध प्रदर्शन हिंशात्मक बन्यो ।मिडियाहरूमा जे आयो त्यसैको अध्ययनवाट लेखकहरूले आआफ्ना विचार अड्कल गर्ने हो । त्यसमाथी लगातार विचार विमर्श हुँदै आएको छ ।

जहाँ वाम्पन्थिहरूको वहुल्यता हुन्छ त्यहाँको व्यवस्था पनि सचेत हुनेगर्छ । तर कतिपय अवस्थामा जनआक्रोशले ऐतिहासिक समचना समेत भत्काइदिन्छन् । कैयौं ठाउँहरूमा आगो लगाइयो, पाँच लाख बढी मानिसहरू त्यहाँ सडकमा ओर्लेर त्यहाँको व्यवस्थालाई चुनौती दिएका छन् । कसैले यस्को सङ्ख्या आठ लाख भएको पनि लेखेका छन् । समाचारहरूमा कयौं भिन्नता देखिएपनि वास्तवमा विरोध सिष्टमको हो भन्ने कुरामा कसैको अर्को मत भने छैन । विरूद्धमा उत्रिएका जनताको सङ्ख्या जति भएपनि व्यवस्थाको विरोधमा आक्रोस पोखेका छन् । कति विभिन्न देशहरूमा हुने घटनाहरू तेस्रो विश्वयुद्धको अभ्यास त होइन ? अहिले सङ्ग उत्पन्न भएको छ ।

प्रसाशनले १२सय बढी प्रदर्शनकारिहरूलाई हिरासतमा लिएको छ । साथै दर्जनौं भवनहरूपनि ध्वस्त भएकाछन् । विद्यार्थिहरूले विद्यालयमा भोग्नुपरेको कठिनाईले गर्दापनि व्यापक रोश पोखेका छन् । राजधानी पेरिसमा प्रदर्शनकारीहरूलाई तितरवितर गर्न त्यहा आश्रुग्यास र पानीका फुहाराहरूको प्रयोग गरेकाथिए ।त्यसवाट कयौं घायल भएका समाचारहरू पनि सुनियो ।

फ्रांसले यूरोपको ६, ७४, ८४३ कि. मी. अर्थात (२,६०,५५८ वर्गमाईल) भूमि ओगटेको छ । त्यहाँ केन्द्रीयकृत शासन प्रणाली अर्थात एकप्रकारको अर्ध राष्ट्रपतीय प्रणालीय गणतान्त्रिक व्यवस्था छ । माथिल्लो सदन, तल्लो सदन जसलाई सिनेट भनिन्छ र राष्ट्रिय सभा सञ्चालनमा छन् । यो देश सदियौं देखुन कला, विज्ञान र दर्शनको अन्तरराष्ट्रिय केन्द्रको रूपमा रहदै आएको छ । फ्रान्स युनेस्को विश्व सम्पदा संख्याको हिसावले पाँचौ स्थानमा छ । प्रमुख पर्यटकीय गन्तव्य पनि हो ।

एउटा तथ्याङ्क अनुसार सन् २०१८मा ८. ९करोड भन्दा अधिक विदेशी पर्यटक भित्रिएका थिए । यो जीडीपीको आधारमा सातौं ठुलो अर्थतन्त्र भएको विकासित देश हो ।विश्वको मामिलामा फ्रांस सयुंक्त राष्ट्र सुरक्षा परिषदको स्थायी सदस्य र आधिकारिक प्रमाणु हतियार भएको देश पनि हो ।त्यसकारण फ्रांस एउटा महाशक्ति मध्यको देश हो ।

युरोपेली युनियन, युरोजोन ऋ जी सात उत्तर अट्लान्टिक सन्धि सङ्गठन /नेटो, विश्व व्यापार संगठन सयुंक्त राष्ट्रसंघको संस्थापक मध्यको देश हो । यो देशमा युद्धहरू त कयौं भएका छन् ।

फ्रांसको इतिहास खोतल्ने हो भने यो एकप्रकारको युद्धभूमि नै हो । अहिले महंगी र बढ्दो असमानता र सार्वजनिक सेवाहरूमा हुँदै आएको कटौतीले यहाँका जनतालाई सडकमा ओर्लन वाध्य बनाएको छ । फ्रांसका केही प्रमुख सहरहरू पेरिस, मार्सेय, ल्यानो, वोर्डो, सेम्स, स्टुसवर्ग, रोनो वलु लगायतका सहरहरूमा प्रदर्शनकारीहरू द्वारा व्यापक तोडफोड र, आगजनी भएकाछन् । यो आगजनीमा १४३ वर्ष पुरानो टाउन हॉल खरानी परेको वताइन्छ । सन् १८७३ मा वनाएर १८८३उदघाटन गरिएको थियो ।

जसलाई अहिलेको विरोध प्रदरशनले अग्निभेट गर्यो ।

अहिले यूरोपका फ्रांस, इटली, अल्वानियाका कयौं ठाउहरूमा यसरी प्रदर्शन हुँदै आएकाछन् । विभिन्न देशहरूमा पनि सत्ता पल्ट गर्ने खालका आन्दोलन भए । जस्तै वाङ्ला देश, नेपाल र हाल काकरोच गैड्ने भारतमा गरेको प्रदर्श पनि कसैवट लुकेको छैन ।

यद्यपि फ्रान्स भनेको युद्ध भूमि नै हो । विगतका कयौं युद्धका उधारणहरू छन् ।फ्रांसको सैन्य र युद्धको इतिहास धेरै लामो छ । त्यो उनिहरुको आन्दोलन प्राचिन त छैदै छ त्यो प्रभावशाली पनि रहदै आएको छ ।

जस्मा प्राचीन गाँलो, रोमन संघर्ष देखि आधुनिक विश्वयुद्धसम्म कयौं ठुला शङ्घर्षहरू भएकाछन् ।सयसालको युद्ध र क्रान्तिपनि भएकाछन् । जस्तै (१३३७ देखि १४५३ सम्म) फ्रांस र इङ्गलैडको विच भएको लडाई ।जस्मा फ्रासले जित्यो र ब्रिटिशको प्रभाव समाप्त भयो । फ्रांसीसी क्रान्ति (१७८९-१७९९) यो ऐतिहासिक क्रान्तिले फ्रान्समा राजतन्त्र र सामन्तवादको अन्त्य गर्यो । राजा लुइ १६औंलाई २१जनवरी सन १७९३ मा फासिमा झुण्डाइयो र गणतन्त्रको घोषणा पनि भयो ।

नेपोलियन युद्ध सन् (१७९९देखि १८१५) नेपोलियन बोनापार्टको नेतृत्वमा फ्रांसले पुरै युरोपको ठुलो हिस्सामा विजयी प्राप्त गरेको थियो । सन् १८१५वाटर लुको लाडाइमा हारको साथ नेपोलियनको साम्राज्य समाप्त भयो ।

फ्रान्सीसी जर्मन युद्ध (१८७०-१८७१) फ्रान्स र पर्शा (जर्मनी)को विच लगभग १३महिना चलेको युद्धमा फ्रान्सको पराजय भयो । जस्को परिणाम नेपोलियन राजवंशको सत्ता समाप्त भएको थियो ।त्यसपछि त तेस्रो गणतन्त्रको स्थापना भएको थियो ।

प्रथम विश्वयुद्ध (सन् १९१४-१९१८ सम्म)लामो समयसम्म चल्यो । ३अगस्त सन् १९१४ मा जर्मनीले फ्रान्सको खिलाफ युद्ध घोषणा गर्यो । फान्स मित्र राष्ट्रहरूको पक्षमा लड्यो । तर उसले विजयी हासिल गरेपनि भारी क्षति व्यहोर्नु परेको थियो । द्वितीय विश्वयुद्ध (१९३९ -१९४५) मा पनि सन् १९४० मा जर्मनले फ्रान्समा कब्जा जमायो । त्यसपछि फासीसी प्रतिरोधमा उत्रिए ।

फ्रेंच रेसिताँचा (FRench Resitanca), ले लडाई जारी राख्यो । सन् १९४४मा देशलाई आजाद गराएर छाड्यो । यसरी फ्रांसीसी जनताहरू निरन्तर युद्ध लडिरहेका हुन्छन् ।

फ्रान्सको धार्मिक युद्ध (FrinchWarsOf Relion)पनि अत्यन्तै ऐतिहासिक र लामो समयसम्म चलेको गृहयुद्ध थियो । जो १५६२ देखि १५९८को विचमा रोमन कैथोलिक र प्रोटेस्टेटको विचमा लडियो । जस्को अन्त्य सन् १५९८मा नातेसको आज्ञाले भयो । लाफ्रोडे (TheFronde)यो १७औं शताब्दीको गृहयुद्ध थियो । जो १६४८वाट १६५३ को विचमा राजा लुई चौधौंको वाल्य साशनकालको दौरान राजाशाही र कुलीनवर्ग संदको विचमा भयो । वेन्दीको विद्रोह र पेरिस कम्युन १७५९को फ्रांसीसी क्रान्ति पछि १७९३-१७९६वन्दी को गृहयुद्ध भयो । १८७१मा पेरिस कम्युनको द्वौरान आन्तरिक गृहयुद्धको अवस्था वन्यो ।

श्रमजिवीहरूले पहिलो पटक पुँजिवादी साशन व्यवस्थाको तख्ता पल्टाएका थिए । जसले कम्युनिष्ट सरकार बनाउने प्रयास गऱ्यो । कयौं जनपक्षिय घोषणाहरू पनि भए । तर सत्ता खोस्नु मात्र प्राप्त हुँदैन सत्ता हातमा लिएपछि त्यसलाई जोगाउनु महत्वपूर्ण हुन्छ । त्यो वेला कम्युनिजमको सत्तालाई कयौं देशका प्रतिकृयावादीहरूको सहयोगमा तितरबितर गराईयो । त्यो श्रमजीवी सरकार बहत्तर दिनसम्मपनि टिक्न सकेन । धेरै निर्दोषको ज्यान गयो, सत्ता टिकेन ।

हामीले हत्या हिंशाको विरो गर्छौं तर आज विश्वभरीमै हत्या र हिंशा गराएर प्रतिकृयावादीहरूले आफ्नो साशन व्यवस्था लम्वाई रहेको छ । उनैले धर्म र कर्मका कुराहरू गर्छन् जसले आफ्नो स्वार्थ पुरा गर्नका लागि निर्दोसहरूको वलि चढाएका हुन्छन् । ठुला वम वारूदका कारखाना उनैका छन्, नयाँ-नयाँ विनासकारी हतियार पनि उनैले वनाएका हुन्छन् । दुनियाँमा जस्को शक्ति उसैको भक्ति भएको छ । आज जतिपनि हत्या र हिंशा हुँदै आएका छन् त्यस्को आधार साम्राज्यवादले तयार पार्दै आएको छ । खास गरेर विश्वका तमाम् श्रमजीवहरूले वास्तविक रूपमा शान्ति सुव्यवस्था चाहान्छन्, तर पुँजिवादले गरिव सर्वहारालाई प्रयोग गरेर उनै गरिवलाई सखाप पारेका हुन्छन् । त्यसको हतियारको रूपमा धन प्रयोग हुन्छ । गरिवलाई गाँस वास र कपासको आवस्यकता हुन्छ । त्यसको लागि उनिहरू धनमानको गिरफ्तमा पुगेका हुन्छन् जसले त्यसको फाइदा उठाएको हुन्छ । अहिले जनताहरू सलवलाउँदै छन् । उनिहरूले निकास खोजिरहेका छन् तर अँफै पनि निकास पाएका छैनन् । विभिन्न देशमा चलेका आन्दोलन र युद्धहरूवाट सधैं उनैले फाइदा उठाइरहेका हुन्छन् । व्यक्ति होइन हामीले षप्रवृतीको विरोध गर्नुपर्छ ।व्यक्ति मात्र वदलेर देशले न्याय पाउन सक्दैन ।



पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(सांविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८३ कात्तिक १०, Oct,27 2026



अन्तिम पातो - शाश्वत शर्मा

प्रतिपक्षीको आन्दोलन !

नेकपाका अध्यक्ष प्रचण्डले सबै प्रतिपक्षीलाई मिलाएर कात्तिक ७ गतेदेखि आन्दोलनको शंखघोष गरेका छन् । बालेन सरकारले गरेको राष्ट्रघात, भ्रष्टाचार र अनियमिततालाई जनतासम्म पुऱ्याउन र यो सरकारलाई असफल पार्दै आफ्नो वर्चस्व कायम गर्न प्रचण्डले कम्मर कसेका छन् । प्रचण्डलाई जनताले किनारा लगाइदिएका माधव नेपालदेखि मधेशवादी दलहरूलाई साथ लिएर अघि बढ्दैछन् । केही नाममात्रको कम्युनिष्ट पार्टीहरूलाई पनि आन्दोलनमा सहभागी गराएका छन् । जो जनताबाट र आफैबाट स्खलित भइसकेका छन्, तिनले दुई तिहाईको सरकारविरूद्ध आगो ओकल्न र सडक संघर्ष गरेर अलोकप्रिय पार्न सक्ने सम्भावना कम छ भन्छन्, विश्लेषकहरू । यद्यपि प्रचण्ड डाइनामिक लिडर हुन्, उनी शुन्यबाट १० वर्ष जनयुद्ध गरेर सत्तामा पुग्नसक्ने ल्याकत राख्छन् तर आफै जनयुद्धलाई सत्तामा सुम्पेर माओवादलाई नकेपामा रूपान्तरण गरेर फेरि आन्दोलित हुँदैछन् । उनी कति सफल होलान् ?

यिनै कम्युनिष्टहरूले बालेन साहलाई लुसिफरको संज्ञा दिएका हुन् । बालेन साहले तत्काले मुख फर्काएका थिए- 'चियाको टाइममा रगत पिएर अरूलाई लुसिफर भन्छौ ! लाज लाग्दैन ?' बालेन साहका तीखो प्रतिक्रया र उनको जब्बर व्यवहार कायमै छ । कार्यकारी प्रधानमन्त्रीजस्तो गरी सरकार चलाइरहेका छन् ।

सिंहदरबारदेखि पालिकासम्म फैलिएको भ्रष्टाचार कम भयो, शुन्य सहनशीलतामा पुगेको छैन । सुशासन चाहियो भन्ने जेनजी पुस्तासत्तामा पुगे पनि सुशासन कायम गराइसकेका छैनन् । यहीकारण विगतका भ्रष्ट नेता र पार्टीहरूले नै भन्न थालेका छन्- जेनजीहरूले गाउँसम्म उठ्ती धन्दा चलाउन थालिसकेका छन् । जेनजीको नाममा धन्दा चलाउने बालेन सरकारले बोलेजस्तो केही गर्न सकेन ।

हिजोका शासकहरूले मुलुकको दोहन गरेर मुलुक सिध्याउन कुनै कसर बाँकी राखेनन् । माओवादीले जनयुद्धकालमा मानें आगो लगाउने काम गरेकै हो, लोकतान्त्रिक चोला फेरेपछि १८ वर्षमा ११ वर्ष सत्ताको साझेदार भएर लुट्नुसम्म लुटेकै हो । ती दल र यो जेनजी सरकारमा भिन्नता देखिन सकेको छैन । हिजो न्याय थिएन, आज पनि न्याय मारिदैछ । हिजो राष्ट्रविरूद्ध गम्भीर षडयन्त्र भएकै थियो, आज राष्ट्रवाद उत्साहित भइसकेको देखिन्न । बालेन सरकार र रास्वपाले तत्काले आफ्नो निर्णय र कार्यन्वयनमा तीव्रता नदिने हो भने प्रतिपक्षीहरूले जनताको आँखामा छारो हालेर र भ्रम सिर्जना गरेर पुनः सत्ता कब्जा गर्न सक्छन्, यस्तै षडयन्त्र देखिदैन ।

प्रतिपक्षीले बालेन सरकारविरूद्ध सडकमा आगो बाल्ने, आँधीबेहरी ल्याउने भनेर जागरण अभियानका नाममा चलायमान भएका छन् । यी सबै कुराको जानकारी बालेन सरकारले राखेको छ । जब सरकारले पुराना भ्रष्टाचारका फाइल खोल्न तैयारी गरेको छ, त्यति नै बेला प्रतिपक्षीहरू सरकारलाई गलाउन विद्रोहको आँधी ल्याउन अग्रसर भएका हुन् । अब हेर्नु छ, षडयन्त्रकारी सफल हुने हुन् कि सरकारले जनतासँग गरेको करारनामा पूरा हुने दिन देखिने हो ? सुशासन दिन्छु भन्ने सरकारको अग्नि परीक्षा सुरू भएको छ, हेरौं केही दिन नतिजा कस्तो आउने हो ?

जीबी राईमय राजनीति



लामो समय हराएका जीबीले अडिओ र प्रेस नोटमार्फत आफू जिउँदै रहेको र 'म नेपाल फर्किएर समस्या समाधान गर्न चाहन्छु' भनेपछि राजनीति जीबी राईमय भएको छ ।

यसैबीच सरकारले जीबी राईलाई नेपाल ल्याउन प्रहरी र कूटनीतिमार्फत सकृयता देखाएको छ । सहकारी ठगी विषयमा मुछिएका कारण विपक्षीमा छटपटी भएको हुनसक्छ । सायद यहीकारणले होला जीबी राई नेपाल आउने यो प्रकरणपछि एकाएक कम्युनिष्टहरू सरकारविरूद्ध आँधीबेहरी ल्याउने जागरण आन्दोलन गर्न तम्सिएका छन् ।

जीबी राईले आफू विश्रमा कहीं पनि सुरक्षित नरहेको अनुभूति गरेर नेपाल फर्कन चाहेको सन्देश पठाएका हुनसक्छन् । हुन पनि सरकारको इच्छाशक्ति भयो भने जीबी राई फरार भएर रहन सक्नेछैनन् ।

राईले पठाएको प्रेस नोट र अडिओ सन्देशमा 'आफूलाई खोज्न शक्ति-संयन्त्र प्रयोग गर्न आवश्यक नरहेको' र 'आफू नेपाल फर्कन तयार रहेको' मात्र भनेका छैनन्, राईले भनेका छन् 'के मेरो पक्राउ नै यो सम्पूर्ण समस्याको समाधान हो ? के यसो गर्दा लाखौं बचतकर्ताहरूको अर्बौं रकम फिर्ता आउँछ ? पक्कै पनि आउँदैन । वर्तमान सरकारको काम-कारवाहीले मलाई यसरी सार्वजनिक हुने हिम्मत दिलाएको छ । म जीवनभर लुकेर भागेर हिँड्न चाहन्न ।'

जीबी राईले स्पष्ट उल्लेख गरेका छन्- 'आर्थिक अपराधसँग जोडिएर जीवनभर जेल बस्न चाहन्न । राज्यको ज्यादतीले मेरो व्यवहार र कारोबार विग्रिएको मात्र हो । राज्यले चाह्यो भने यो सब मिल्न सक्छ । बचतकर्ताले रकम फिर्ता पाउन सक्छन् । म सरकारसँग सहकार्य गर्न चाहन्छु । त्यसको सुरूआत स्वरूप मैले साथीभाइ, आफन्त तथा शुभेच्छुकहरूबाट केही जगगा-जमिनको व्यवस्थापन गरेको छु । वास्तविक समाधान कसैलाई दोषी देखाएर मात्र सम्भव हुँदैन । तर अहिले वर्तमान सरकारले बचतकर्ताहरूको बचत सुरक्षित गर्न जुन किसिमका पहल र कदमहरू अगाडि बढाएको छ, त्यो स्वागतयोग्य र सकारात्मक प्रयास हो । रवि लामिछाने र छविलाल जोशीलाई गोर्खा मिडिया नेटवर्कको विषयमा जोड्न आवश्यक छैन, सहकारीसँग जोडिएका पूर्वसञ्चालकहरू, वर्तमान सञ्चालकहरू र कर्मचारीसँग आफूले गरेको कार्यका कारण उनीहरू अनावश्यक रूपमा पीडित भएकोमा क्षमाप्रार्थी छु ।

प्रश्न छ, कति सहकारीका बचतकर्ता आफ्नो बचत नपाएका कारण औषधी गर्न नपाएर मरिसके, कति छटपटी अवस्थामा छ, कतिका घरव्यवहार विग्रिएको छ । यी सबै घटना घटिसकेपछि जीबी राईले अहिले आएर किन प्रेस नोट र अडिओ जारी गरे ? यो सवालको जवाफ स्पष्ट छैन ।

सरकारले धमाधम समस्याग्रस्त सहकारीका बचतकर्ताको बचत फिर्ता गरिरहेको छ र सञ्चालकहरूको सम्पत्ति रोक्का राख्ने र कडा कानुन बनाएर कारवाहीको दायरा फराकिलो पार्दै लगेको छ ।

यसैबीच सहकारी ठगी जसजसले गरेको छ, जीबीदेखि सबैको खोजी तीव्र भइरहेको कारण पनि जीबी राई आत्तिएका हुनसक्छन् ।

बालेन सरकारले भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता अपनाउने नीति लिएको छ । जसले गदौ प्रचण्ड, देउवा, माधव नेपाल, डा.बाबुरामसम्म पनि अनुसन्धानको राडारमा परिसकेका खबर सार्वजनिक भएका छन् । सरकारले जीबी राईविरूद्ध कडा एक्सन लिनसक्ने संकेत पाएपछि जीबी राईले यो अडियो सन्देश सार्वजनिक गरेका हुन् भन्ने विश्लेषण भएको छ । जीबी राईलाई आफू छिट्टै पक्राउ पर्ने भान भएपछि उनले नेपाल फर्किएर समस्या समाधान गर्न चाहेको बताएका हुनसक्छन् । उनीमाथि कतिसम्म दबाब परेको छ भन्ने उनको अडियोबाट बुझ्न सकिन्छ ।

यसैबीच विश्लेषकहरू भन्छन्- सरकारको सम्पर्क उनीसम्म भइसकेको र सरकारले जस्तोसुकै अन्तर्राष्ट्रिय सहयोग लिएर भए पनि उनलाई पक्राउ गर्नसक्ने थाहा पाएपछि जीबी राई अगाडि आएका हुन् । जीबी राई मलेसियामा रहेको पहिलेदेखि नै चर्चा भएको हो । तर कतिपय विश्लेषक जीबी नेपालमै भूमिगत रहेको पनि बताउँछन् । जीबीका जेठानका अनुसार आफू वर्षदिन अघि अमेरिका जाँदा जीबीसँग मलेसियाबाट कुराकानी भएको बताएका छन् । उनका अनुसार नेपाल फर्कन चाहेको तर ज्यानको जोखिम छ भनेको उनले बताए । जसरी पनि नेपाल फर्कन र आफूले अपचलन गरेका सहकारीका रकम सेटल गर्न सुझाव दिएको जीबीका जेठानको तर्क रहेको छ ।

सरकारले सहकारी समस्या जसरी पनि समाधान गर्न खोजेको छ । जीबीले सकारात्मकता देखाए भने सरकारले उनलाई सहयोग गर्न सक्छ तर कानुनले अन्य सहकारी ठगहरूलाई जेल चलान गरेकाले जीबीले बाहिरै बसेर लामो समय लगाएर समस्या समाधान गर्छु भनेदेखि त्यो खेलाँचीमा सरकार पर्ने लक्ष्यण छैन । जीबीले हातोहात ठगीका रकमका साथ सरकार समक्ष उपस्थित हुनसके सरकारले केही कन्सेसन उनलाई दिन सक्ने देखिन्छ । लामो समय फरार रहिसकेपछि र कतिपय व्यक्तिहरूको ज्यान लिएको, समस्यामा पारेको अनेक घटनाक्रमका कारण जीबी राई लै सरकारबाट कन्सेसन खोजेर पाउन सक्ने देखिदैन । अब उनी फरार रहेर पनि पक्राउ नपर्ने स्थिति छैन । पोखराको सूर्यदर्शन, बुटवलको सुपिरम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको सहारा, वीरगन्जको सानो पाइला, नेपालगन्जको समानता र काठमाडौंको हाम्रो नयाँ कृषि सहकारीका जे जति बचत अपचलन भएका छन्, ती सबैको जिम्मेवारी लिएकाले जीबी राईले सहजै उन्मुक्ति पाउने छैनन् । झण्डै ५० हजार बचतकर्ताको ७ अर्ब ६ करोड र त्यसको ब्याजसमेतको दायित्व जीबीको काँधमा छ । जीबीले आफू, आफन्तका नाममा जे जसरी अपचलन गरे, उनीमाथि जघन्य कारवाही हुनसक्ने देखिन्छ । जीबीले आफ्ना कम्पनी गोर्खा मिडिया नेटवर्क, ग्यालेक्सी फोर-के टेलिभिजन लगायत अनेकका नाममा त्यो रकम हिनामिना गरेका थिए । जसको मारमा रवि लामिछानेदेखि छविलाल जोशीसम्म परे । यही बहानामा तत्कालीन ठूला दलहरूले रवि र छविमाथि ठूलै षडयन्त्रको जालो फिजाएर प्रतिशोध साधे । मुद्दा अदालतमा विचाराधीन नै छ । तर जिबी राईले उनीहरू निर्दोष छन्, म जिम्मेवार हुँ भनेर दावी गरेका छन् । जीबीका दावी यस्तो छ-

आदरणीय सम्पूर्ण सेयरधनी, बचतकर्ता तथा ऋणी महानुभावहरू,

...सहकारीको मापदण्डभित्र रहेर काम गर्नुपर्ने भए पनि, विभिन्न परिस्थितिका कारण धेरै सहकारी संस्थाहरूले आफ्नो सीमाभन्दा बाहिर गएर लगानी गरेका थिए ।...म आज एउटा प्रश्न गर्न चाहन्छु, के मेरो पक्राउ नै यो सम्पूर्ण समस्याको समाधान हो ? यदि यही नै समाधान हो भने कसैले खोज्नुपर्ने आवश्यकता छैन । म आफै उपस्थित हुन्छु र तोकिएको प्रक्रिया स्वीकार गर्न तयार छु । तर के यसो गर्दा लाखौं बचतकर्ताहरूको अर्बौं रकम फिर्ता आउँछ ? ...विभिन्न वैकल्पिक उपायहरूको अवलम्बन गरी व्यवस्थापन गर्न प्रतिबद्ध छु ।

...वर्तमान सरकारको काम-कारवाहीले मलाई यसरी सार्वजनिक हुने हिम्मत दिलाएको छ । म जीवनभर लुकेर, भागेर हिँड्न चाहन्न । साथै, आर्थिक अपराधसँग जोडिएर जीवनभर जेल बस्न चाहन्न ।...राज्यको ज्यादतीले मेरो व्यवहार र कारोबार विग्रिएको मात्र हो । राज्यले चाह्यो भने यो सब मिल्न सक्छ । बचतकर्ताले रकम फिर्ता पाउन सक्छन् । म सरकारसँग सहकार्य गर्न चाहन्छु ।...

...म अर्को एउटा महत्वपूर्ण विषय पनि स्पष्ट गर्न चाहन्छु । ग्यालेक्सी टिभीमा सहकारीबाट गएको सम्पूर्ण रकमको जिम्मेवारी अध्यक्षको हैसियतले मेरो नै जिम्मेवारीभित्र पर्छ र यसरी आर्थिक स्रोत व्यवस्थापनमा अन्य कुनै सञ्चालकहरूको कुनै पनि संलग्नता रहेको छैन । साथै, कर्मचारी वा अन्य कुनै व्यक्तिबाट अभिलेख राख्ने क्रममा नाम वा कागजातको दुरूपयोग भए असावधानीवश नाम दुरूपयोग भएको हुनसक्छ । अन्य व्यक्तिहरूलाई अनावश्यक जोड्नु उचित हुँदैन ।

गोर्खा मिडिया नेटवर्क मेरो हो । म सम्बन्धित सहकारीसँगको जिम्मेवारी पनि मेरो हो, अरू कसैको होइन । समाधानको जिम्मेवारी पनि मेरो हो । त्यसैगरी, रवि लामिछाने र छविलाल जोशीलाई यस विषयसँग जोड्नु उचित होइन भन्ने मेरो बुझाइ छ ।

तपाईहरूको विश्वास केवल आर्थिक विषय मात्र होइन । त्यो मेरो जिम्मेवारी, नैतिक दायित्व र जीवनसँग जोडिएको विषय हो ।

कठिन समय अवश्य भएको छ । तर विश्वास छ धैर्य, समझदारी र सहकार्यका साथ हामी समाधानको बाटोमा अगाडि बढ्नेछौं ।

धन्यवाद, नमस्कार । – जिबी राई

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मृत्यु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सदभाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

